


**पुनर्निर्माण**

वर्ष ११, अंक १, बैशाख २०६१

सल्लाहकारः
**डा. अर्जुन कार्की**

सम्पादक मण्डलः
**इन्दुभुषण गौतम**
**कोमल खतिवडा**
**प्रेमकला नेम्बाङ्**

आवरण तथा लेआउटः
**ग्राफिक वर्कशप**
फोन नं. ४२४२०७२, बागबजार

प्रकाशकः

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
पो.ब.नं. ८१३०,
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्सः ४४१८२९६
इमेलः rrn@rrn .org .np
वेबः rrn .org .np

## यस अंकमा

- कञ्चनपुर जिल्लाको स्थिति तथा विकास प्रयासः एक परिचय — २
- जितु पुन र धूँवारहित चूलो — ८
- दाङ जिल्लामा मुक्त कमैयाहरूको स्थिति र संघ संस्थाहरूको भूमिका — ९
- समुदायमा आधारित दैबिप्रकोप पूर्वतयारीको अवधारणा — १३
- मैदान घोपा टोलको परिचय — १५
- टेपरी कजवेले ल्यायो सुविधा टेपरी बासीलाई — १६
- सिचाईको महत्व — १७
- खानेपानी योजना र आरआरएन — १८
- आफ्नै मेहनतले बनिन् चमेली लखपती — १९
- विद्यालय निर्माणमा आरआरएनको भूमिका — २०
- बाढी प्रभावित क्षेत्र देउखुरी आरआरएन — २१
- आरआरएन द्वारा संचालित विभिन्न गतिविधिहरू
  - झापा जिल्ला — २२
  - दाङ जिल्ला — २३
  - सुर्खेत जिल्ला — २४

# कञ्चनपुर जिल्लाको स्थिति तथा विकास प्रयासः एक परिचय

**अञ्जेश श्रेष्ठ**
जिल्ला संयोजक, आरआरएन, कञ्चनपुर

### भौगोलिक अवस्था र परिचय

कञ्चनपुर जिल्ला नेपालको सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलमा पर्दछ । यस जिल्लाको जम्मा क्षेत्रफल १,६१,७४१ हेक्टर मध्ये ५९,५३२ हे. खेतीयोग्य (३६.९६ प्रतिशत) तथा ८८,२०० हे. वनजागल (४९.८१ प्रतिशत) र खोलानालाले ओगटेको छ । भौगोलिक विभाजनको आधारमा यस जिल्लालाई चुरे भूभाग, भावरको भूभाग र तराई मैदान गरि ३ भागमा विभाजन गर्न सकिन्छ। राजनीतिक विभाजनको आधारमा कञ्चनपुर जिल्लालाई तीन निर्वाचन क्षेत्रहरु, ११ ईलाकाहरु, १ नगरपालिका र १९ गाविसहरुमा विभाजन गरिएको छ । ८८,२०० हे. वनक्षेत्रमध्ये ३०,५०० हे. शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष, १९,५०० हे. चुरे वनक्षेत्र, ३५,००० हे. राष्ट्रिय वनक्षेत्र, ३,००० हे. सामुदायिक वनक्षेत्र पर्दछ ।

यस जिल्लामा महाकाली नदी सहित साना ठूला गरी २८ वटा जति नदीहरुको जम्मा जलाधार क्षेत्र ६२३९९ हेक्टर रहेको छ । प्रमुख नदी प्रणालीको रुपमा महाकाली, चौंघर, दोधा र मोहना नदी प्रणाली रहेका छन । कञ्चनपुर जिल्लामा समग्र भूभागको ६८.३४ प्रतिशत अर्थात १,१०,५३३ हेक्टर जमिनमा मात्र २० मीटरको गहिराईमा भूमिगत जलश्रोत उपलब्ध छ। साना ठूला गरी १६ वटा जति तालतलैयाहरु जिल्लामा छन् । सबै तालको गरी जम्मा अनुमानित क्षेत्रफल ७९ हेक्टर जति रहेको छ। तालमा अवस्थित अनुमानित जलभण्डार १३२१०० घ.मी. रहेको छ ।

**मानव विकास सूचकमा क्रमशः देखतभूली, दैजी, परासन र चाँदनी अति न्यून, पिपलाडी, शंकरपुर, कालिका, रौतली विचवा, बेल्डाँडी न्यूनमा पर्दछन । रामपुर विलासपुर, बाईसेविचवा, कृष्णपुर, रैकवार विचवा, झलारी मध्यममा तथा श्रीपुर, दोधारा, त्रिभुवनबस्ती, लक्ष्मीपुर, सुडा गाविस तथा महेन्द्रनगर नगरपालिका क्रमशः उच्चमा पर्दछन ।**

### जनसंख्या तथा मानवीय विकास

२०५८ सालको जनगणना अनुसार कञ्चनपुर जिल्लाको जनसंख्या ३,७७,८९९ रहेको छ। यस जिल्लाको कुल घरधुरी संख्या ६०,१५८ रहेको छ । औसत घरधुरीको जनसंख्याको आकार ६.२८ रहेको छ भने जनघनत्व प्रतिवर्ग किमि २३५ जना पर्दछन । जातिगत स्थितिमा क्षेत्री ३० ५, थारु २४ ५, उत्पिडित १६ ५, ब्राम्हण १५ ५ , ठकुरी ५ ५, जनजाति ५ ५, अन्य ५ ५ रहेका छन् ।

तुलनात्मक मानव विकास सूचकमा क्रमशः देखतभूली, दैजी, परासन र चाँदनी अति न्यून, पिपलाडी, शंकरपुर, कालिका, रौतेली विचवा, बेल्डाँडी न्यूनमा पर्दछन । रामपुर विलासपुर, बाईसेविचवा, कृष्णपुर, रैकवार विचवा, झलारी मध्यममा तथा

श्रीपुर, दोधारा, त्रिभुवनबस्ती, लक्ष्मीपुर, सुडा गाविस तथा महेन्द्रनगर नगरपालिका क्रमशः उच्चमा पर्दछन । त्यस्तै गरेर तुलनात्मक मानव गरिबी सूचकमा क्रमशः दैजी, परासन र चाँदनी, शंकरपुर, देखतभूली, बेल्डाँडी अति उच्च, रौतेली विचवा, लक्ष्मीपुर, श्रीपुर, रामपुर विलासपुर, कालिका उच्च , पिपलाडी, कृष्णपुर, बाईसेविचवा, रैकवार विचवा, दोधारा, मध्यम त्रिभुवनबस्ती, झलारी, महेन्द्रनगर नगरपालिका, सुडा गाविस न्यूनमा पर्दछन ।

## मुक्त कमैयाहरुको स्थिति

२०५७ साल साउन २ गते श्री ५ को सरकारको निर्णय भई उक्त दिनबाटै अधिराज्यका सारा कमैयाहरु मुक्त भएको घोषणा भएको थियो । २०५७ भदौमा गरिएको मुक्तकमैया परिवारको वर्गीकरण अनुसार पाँच जिल्लामा गरी जम्मा १८,४०० मुक्तकमैया मध्ये क वर्गमा २४६२, ख वर्गमा ४९५, ग वर्गमा ३३ र घ वर्गमा ५५ गरि जम्मा ३०४५ मुक्तकमैया परिवार पहिचान गरिएको छ । २०५९ असार १ मा कञ्चनपुर जिल्लामा जम्मा २९५७ घरवारविहीन कमैया परिवार मध्ये २७९९ कमैया परिवारलाई जम्मा ६८६-८-१५ जग्गा वितरण गरिएको छ । मुक्तकमैया बसोबास गर्ने पाँचै जिल्लामा वितरण गरिएको जम्मा जग्गा २३८१-३-१६ हो । ख वर्गको जम्मा ४९५ परिवार मध्ये ७९ परिवारको हकमा नगर विकास समितिबाट जग्गा प्रदान गर्ने प्रक्रियामा रहेको छ । सामादैजी, ओझाखाली, झण्झटपुर, झलारी बजार, नौखुरी, वाणी, किचाही, चानदेव, जाईजाला, आन्ध्रजाला र शोभाताल गरी जम्मा ११ वटा शिविरहरुमा क वर्गका २४६२ र ख वर्गका २३० गरी जम्मा २६९२ मुक्तकमैयाहरु बसोबास गरिरहेका छन् ।

आयआर्जनको लागि उनीहरुलाई वितरण गरिएको जग्गाहरु पनि धेरैजसो चुरे क्षेत्र फँडानी गरी बस्ती बसाइएकोले गर्दा उब्जाउ जग्गा छैन । उनीहरुको समस्याको दिगो समाधानको लागि कृषि नीति पनि स्पष्टरुपमा गरिएको छैन र राम्रोसंग कार्यान्वयन पनि भएको छैन । मुक्तकमैयाहरुको तालिमहरुमा प्रशस्तै लगानी भएको छ तर त्यसको उचित अनुगमनको अभावले गर्दा प्रतिफल देखिएको छैन ।

**तुलनात्मक मानव गरिबी सूचकमा क्रमशः दैजी, परासन र चाँदनी, शंकरपुर, देखतभूली, बेल्डाडी अति उच्च, रौतेली विचवा, लक्ष्मीपुर, श्रीपुर, रामपुर विलासपुर, कालिका उच्च , पिपलाडी, कृष्णपुर, बाईसेविचवा, रैकवार विचवा, दोधारा, मध्यम त्रिभुवनबस्ती, झलारी, महेन्द्रनगर नगरपालिका, सुडा गाविस न्यूनमा पर्दछन ।**

छुट लागतमा समावेश भएका जम्मा १८२२ परिवारको प्रारम्भिक छानबिन पश्चात १७४० परिवार मुक्तकमैयाहरुलाई क वर्गमा वर्गीकरण गरिएको र हाल १४६१ जनालाई परिचयपत्र वितरण गरिसकिएको छ । हाल परिचयपत्र वितरण भईसकेका मुक्तकमैयाहरु दैजी, कृष्णपुर, रैकवारविचुवा देखतभूली, श्रीपुरका विभिन्न अस्थायी शिविरहरुमा बसोवास गर्दै आईरहेका छन् । हाल उनीहरुको स्थिति अत्यन्तै दयनीय देखिएको छ । तत्काल राहत सामाग्रीहरुको आशामा विभिन्न संघसंस्थाहरुमा धाएर पनि कहिकतैबाट सहयोग नपाउनु उनीहरुको नियति बन्दै गईरहेको छ ।

## भूमिको स्वामित्व र भूमिहीनहरुको अवस्था

जिल्लाभरिमा जम्मा ६०,१५८ घरपरिवार मध्ये १७,२१३ घरपरिवार भूमिहिन

भएको तथ्य जिल्ला कृषि विकास कार्यालय, महेन्द्रनगरको तथ्याङ्कले पुष्टि गर्दछ । जुन जिल्लाको कुल घरधुरी संख्याको २८.६१ प्रतिशत हुन आउँछ । त्यसमध्ये ८,२५० घरपरिवार सुकुम्बासी छन भने ८,९६३ अव्यस्थित बसोबास छन् । ०.५ हेक्टर भन्दा कम जग्गा हुनेहरुमा मुक्तकमैया परिवार २८९० र कमैया बाहेक अन्य १२९३९ घरपरिवार छन् । ०.५ हेक्टरभन्दा माथि २ हेक्टरसम्म जग्गा हुने २०,०५४ घरपरिवार छन भने २ हेक्टरभन्दा माथि जग्गा हुने ७२६० घरपरिवार छन् । खेती गरिएको कुल ५९,५३१.९ हेक्टर जमिन माथि कञ्चनपुर जिल्लाका २८.६१ प्रतिशत जनताको पहुँच पूर्णरुपमा शून्य छ । त्यस्तै गरेर २५.९८ प्रतिशत जनतासंग जम्मा खेती गरिएको जमिनको ३.९७ प्रतिशत जमिन पर्न आउंछ । जो ०.५ हेक्टरभन्दा कम जमिन हुने साना किसान वर्गमा पर्दछन् । ३३.३४ प्रतिशत जनतासंग ४४.७६ प्रतिशत जमिन छ, जोसंग ०.५ हेक्टरदेखि २ हेक्टरसम्म जग्गा छ । बााकी १२.०७ प्रतिशत जमिन्दारहरुसंग मात्रै जिल्लाको कुल खेती गरिएको जमिनको ५१.२६ प्रतिशत जमिन रहेको छ ।

**चुरे वन क्षेत्र संरक्षणको लागि विशेष महत्व दिनुपर्ने आवश्यकता एकातिर छ भने यस क्षेत्रका खेती गरिएका जमिनहरुको उर्वराशक्ति बढाउने खालका कार्यक्रमहरुको आवश्यकता पनि छ ।**

शाही शुक्लाफाँट आरक्ष क्षेत्र बिस्तार अन्तर्गत रौतेली विचवा, पिपलाडी क्षेत्रका जम्मा ४३१४ आरक्ष विस्थापित परिवारहरु मध्ये ३४४७ परिवारहरुलाई पुनर्स्थापना गरिसकिएको छ । बाँकी ८६७ परिवार जिल्लाका विभिन्न स्थानहरुमा अस्थायी शिविर खडा गरी बसेका छन् । ती स्थानहरुमा कालिका शिविर, वाणी शिविर, वनारा शिविर, बेल्डााडी शिविर, माल्मेला शिविर, कुण्डा शिविर, चान्देव शिविर, बैशाखी कालागौडी, सिमलफाँटा र कुर्केया मुर्केया प्रमुख छन् ।

## चुरे क्षेत्रको सम्भावना तथा चुनौतीहरु

जिल्लाका महेन्द्रनगर नगरपालिका, सुडा, दैजी, झलारी, कृष्णपुर गाविसहरु तथा शाही शुक्लाफाँट वन्यजन्तु आरक्षका महेन्द्र राजमार्गका उत्तरतिरका सम्पूर्णजसो क्षेत्रहरु चुरे पहाडको फेदीमा अवस्थित छन् । जसमा सबैभन्दा पश्चिममा महेन्द्रनगर नगरपालिकाको ब्रम्हदेव देखि लिएर तिलाचौर, हल्दुखाल, सडा गाविसको गाउजी, चुनेपानी क्षेत्र, दैजी गाविसको ओभ्फाखाली, झण्झटपुर क्षेत्र झलारी गाविसको कालापानी क्षेत्र तथा कृष्णपुर गाविसको पहरियासम्मको क्षेत्र पर्दछन् । यस क्षेत्रलाई समग्रमा घाँडीघाँच पनि भन्ने गरिन्छ । जिल्लाको कुल क्षेत्रफल १,६१,७४१ हेक्टर मध्ये १९५०० हेक्टर चुरे वनक्षेत्रमा पर्दछ । खानेपानीको समस्या यस क्षेत्रको सबैभन्दा विकराल रुपमा देखिएको छ । चुरे वन क्षेत्र संरक्षणको लागि विशेष महत्व दिनुपर्ने आवश्यकता एकातिर छ भने यस क्षेत्रका खेती गरिएका जमिनहरुको उर्वराशक्ति बढाउने खालका कार्यक्रमहरुको आवश्यकता पनि छ । खानेपानीका लागि भूमिगत तथा मूलबाट दुवैथरीका सम्भावनाहरु देखिएका छन् । सिंचाईको प्रशस्तै सम्भावना भएको क्षेत्रको रुपमा पनि यो क्षेत्र देखिएको छ ।

## द्वन्दको प्रभाव र विकासको अवस्था

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस एवं दातृ संस्थाहरुले आर्थिक तथा सामाजिक क्षेत्रमा संचालन गरेका गतिविधि र कार्यक्रमहरुमा सहभागितात्मक जिल्ला विकास कार्यक्रम (PDDP), पश्चिम तराई

गरिबी निवारण आयोजना (PPAWT) महाकाली सिंचाइ तेस्रो चरण (World Bank), ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम (RCIW)GTZ/WFP/CEPS), गैससको क्षमता अभिवृद्धि (NPLAP/DFID), मुक्त कमैयाका बालबालिकाहरुका लागि सहयोग (ILO), मुक्त कमैया पुनर्स्थापना सहयोग/ एच.आई.भी. एड्स नियन्त्रण (NNSWA/ Action Aid Nepal/Save the Children/ Helen Keller) ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम (RRN/DFID), नेपाल रेडक्रस सोसाईटी, केयर नेपाल मातृ तथा बाल मृत्यु दर घटाउने, शाही शुक्लाफााट वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमहरु प्रमुख छन् ।

जिल्लामा दर्ता रहेका ३८९ स्थानीय गैरसरकारी संस्थाहरुमध्ये आधा जति मात्र संस्थाले नविकरण गरेको र त्यसमा पनि ४० जति संस्थाहरु मात्र निरन्तर रुपमा आ-आफनो क्षेत्रमा गतिशील देखिएका छन् भने अन्य संस्थाहरु अवसर हेरी कुनै कुनैबेला मात्र चलायमान हुने गरेको देखिन्छ ।

- नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA)
- व्याकवार्ड सोसाईटी एजुकेशन (BASE)
- सामुदायिक विकास तथा वातावरण संरक्षण समाज (CEPS)
- समाज कल्याण, शिक्षा, वातावरण तथा पर्यटन नेपाल (SWEET Nepal)
- थारु महिला मञ्च
- आदर्श क्लव, भासी
- नेपाल पर्यावरण तथा शिक्षा विकास समाज (NDDES)

## जिल्लाको विकासमा थप प्रयास

सन् २००३ को जुलाई महिनादेखि कञ्चनपुर जिल्लामा नेपाल ग्रामीण पुनर्निर्माण संस्थाको ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम बेलायत सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (डिफिड) को आर्थिक सहयोगमा शुरु भएको हो । जसले हाल मुख्य गरेर समुदायमा आधारित विकास निर्माणका कार्यहरु गरिरहेको छ । निर्माण सम्बन्धी कार्यहरु बाहेक यस कार्यक्रमले जिल्लामा ३ जनालाई विद्युत जडान, ३ जनालाई मोटरसाईकल मर्मत र ४ जनालाई रेडियो/टिभि मर्मत गरी ११ जनालाई सीपमूलक तालिम प्रदान गरी कार्य शुरु गर्नका लागि आवश्यक औजारहरुका लागि सहयोग गरेको छ । त्यस्तै गरेर चाँदनी, दैजी, झलारी, पिपलाडी, कृष्णपुर, त्रिभुवन बस्ती, परासन तथा कालिका गाविसहरुको गरी जम्मा ५३ जनालाई व्यावसायिक तरकारी खेती सम्बन्धी ७ दिने तालिम पनि संचालन गरिएको छ ।

एकै ठाउँमा एकभन्दा बढी योजना संचालन भएका ठाउँहरुको १३१५ परिवारको दोहोरो गणना भएकोले वास्तविक उपभोक्ता परिवार संख्या १६,०१२ मात्र हो ।

आरआरएनको ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रमको पहिलो वर्षको कार्यक्रम संचालन गरिएका समुदायहरुको उपभोक्ताहरुलाई जातिगत आधारमा, जग्गाको स्वामित्वको आधारमा तथा खाद्यान्न उपलब्धताको आधारमा वर्गीकरण गर्दा निम्न तथ्य देखापर्छ । जम्मा लाभान्वित घरपरिवार मध्ये १९५३ (१२.२० प्रतिशत) मुक्तकमैयाहरु, ४०२५ (२५.१४ प्रतिशत) चौधरी / राना थारु, ३००६ (१८.७७ प्रतिशत) दलित, ६८२ (४.२६ प्रतिशत) जनजाति, ६१८६ (३८.६३ प्रतिशत)

ब्राम्हण / क्षेत्री र १६० (०.९९ प्रतिशत) अन्य छन । जग्गाको स्वामित्वको आधारमा जम्मा १६०१२ घरपरिवारमध्ये भूमिहीन २४९८ घरपरिवार, ५ कठ्ठाभन्दा कम जग्गा हुने ५०९३ घरपरिवार, १० कठ्ठासम्म हुने ३०९२ घरपरिवार, १ विघाभन्दा कम हुने ३०९८ घरपरिवार र १ विघाभन्दा माथि हुने २२३१ घरपरिवार रहेका छन् । त्यस्तै आफ्नो जग्गाबाट खान पुग्ने परिवारमा ५४७८ घरपरिवार ३ महिनाभन्दा कम, ३४१९ घरपरिवार ३ देखि ६ महिनासम्म, २७४० घरपरिवार ६ महिनादेखि ९ महिनासम्म र १६६४ घरपरिवार खाद्यान्न बर्षेभरि पुग्ने स्थितिका रहेका छन् ।

आरआरएन तथा विश्व शिक्षाको संयुक्त प्रयासमा २०६० पुष १७ देखि एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम पनि शुरु भएको छ । एकीकृत शत्रुजीव व्यवस्थापनका ४ वटा मुख्य सिद्धान्तहरु १. स्वस्थ बाली उत्पादन २. प्राकृतिक शत्रुको संरक्षण ३. नियमित बाली निरिक्षण र ४. किसान आफैं विज्ञ हुनेको परिधिभित्र रहि धान तथा तरकारी बालीहरुमा आईपीएम कृषक तथा विद्यार्थी पाठशालाहरु संचालन भईरहेका छन् । पाठशाला संचालन भएका विद्यालय तथा समूहहरु निम्नानुसार छन् ।

१. श्री गणेश तरकारी आईपीएम विद्यार्थी पाठशाला, श्रीपुर ७, बरैया
२. श्री शिव ज्ञानेश्वर तरकारी आईपीएम विद्यार्थी पाठशाला, महेन्द्रनगर नगरपालिका १८, भगतपुर
३. श्री लालीगुरास आईपीएम कृषक पाठशाला, सुडा ८, भासी - धान
४. श्री जागृति आईपीएक कृषक पाठशाला, सुडा १, मन्दिरपुर - धान
५. श्री जेसिस आईपीएम विद्यार्थी पाठशाला, महेन्द्रनगर नगरपालिका १, राजीपुर - धान

| क्र. सं. | कार्यक्रमको नाम | सहयोग संख्या | लाभान्वित प.संख्या | जम्मा लागत (रुपैंया) | | |
|---|---|---|---|---|---|---|
| | | | | परियोजना | स्थानीय उपभोक्ता अन्य संघसंस्थाहरु | जम्मा |
| १ | विद्यालय भवन निर्माण | ८ | ४२२५ | ११२५२९६.४५ | १०००७२१.२१ | २१२६०१७.५७ |
| २ | विद्यालय भवन मर्मत | ५ | १३१० | २४४३४९.०० | ६०८९७६.३९ | ८५३३२५.३९ |
| ३ | विद्यालय फर्निचर सहयोग | ११ | ४२९० | २१७३१०.८६ | ७३८६८२.१० | ९५५९९२.९६ |
| ४ | सतह सिंचाई | ४ | ४५५ | ३२२०७५.०० | ३६७८५८.९० | ६८९९३३.९० |
| ५ | भूमिगत सिंचाई | ७ | १०१ | ३२९०८७.०० | ४७९७३५.१८ | ८०८८१५.१८ |
| ६ | ग्रामीण कृषि सडक (कि.मी.) | ३ | २४६५ | २४२५२५.०० | ६०४३६३.३० | ८४६८८८.३० |
| ७ | ह्यूमपाईप कल्भर्ट निर्माण | ३ | १९१० | ७४५३२.७० | ५३३९४.०५ | १२७९२६.७५ |
| ८ | खानेपानी ह्याण्डपम्प | २४ | २५७१ | ८७००५.०० | ३९११५.०० | १२६१२०.०० |
| | | ६५ | १७३२७ | २६४२१८१.०१ | ३८९२८३७.१३ | ६५३५०२०.०५ |

हालसम्म संचालन भएका कृषक तथा विद्यार्थी पाठशालाहरुमा सहभागी विद्यार्थीहरुमा छात्र ४० र छात्रा ६२ जना तथा कृषकमा पुरुष १० जना तथा महिला ५० जना गरी जम्मा १६२ जना यस कार्यक्रममा सहभागी भएका छन ।

## सन्दर्भ सामाग्रीहरु


आवधिक जिल्ला विकास योजना, कञ्चनपुर २०५९/६० देखि २०६३/६४ बस्तुस्थिति विश्लेषण खण्ड भाग १ (जिल्ला विकास समिति, कञ्चनपुरको पन्ध्रौं जिल्ला परिषद २०५९/३/२७ - २९ बाट पारित)

आवधिक जिल्ला विकास योजना, कञ्चनपुर २०५९/६० देखि २०६३/६४ योजना खण्ड भाग - २ (जिल्ला विकास समिति, कञ्चनपुरको पन्ध्रौं जिल्ला परिषद २०५९/३/२७ - २९ बाट पारित)

जिल्ला पार्श्वचित्र, कञ्चनपुर (District Profile, Kanchanpur), जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर, महेन्द्रनगर, २०६०

कमैया मुक्ति तथा पुर्नस्थापना कार्यक्रम प्रतिवेदन, भाद्र २०६०, श्री ५ को सरकार, भूमि सूधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाण्डौं


# विधवाको जीवन

मुटु भयो छिया छिया
रोएकै छ यो मन
कसरी बिताउ हे दैव
विधवाको जीवन

सुम्पेको थिए जीवन उनलाई
भगवान नै मानी
जन्म घर बिर्सेको थिए
उनी नै सबथोक ठानी

आखिर मैले के बिराए र
यो सजाय दियौ आज,
विधवा बनि घृणित हुनु
पऱ्यो मलाई दुनियाँको माझ

समाजमा आज अलच्छिनाको
पात्र बनायौ मलाई
कति दिन बाच्न सक्छु म
मुटु भित्र आगो बलाई

समाजले औला तेर्स्याउने
माध्यम बनायौ किन ?
को सक्छ र मलाई यहाँ
घृणा र चोट सिवाय अरु दिन

बाटोमा मलाई भेटे साइतै
विग्रिने यस्तै छ, यहाँको चलन
शान्ति त कहिल्यै छैन
सधैभरी हुन्छ पीडा र जलन

विधवा भए आफ्नो इच्छा आकांक्षा
दबाएरै राख्नु पर्दछ रे मैले
विधवाको पनि आत्मा हुन्छ भन्ने कुरा
यो समाजले थाहा पाउने कहिल


**भगवती बुढा**
आरआरएन, रोल्पा

# जितु पुन र धूँवारहित चूलो

**टंक कुँवर**
आरआरएन, कास्की

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), कास्कीले संचालन गरेको एकीकृत स्वास्थ्य र जैविक विविधता श्रोत व्यस्थापन कार्यक्रम अन्तर्गत गठित महिला समूहमा आवद्ध एक सदस्य जितु पुन पनि हुन् । भरतपोखरी गाविस, वार्ड नं. १ की जितु पुनको आफ्ना श्रीमान खाडी राष्ट्रमा विगत ६ वर्ष देखि कार्यरत हुनाले घरको सम्पूर्ण कार्यभार आफैले सम्हाल्दै आएकि छिन् । उनको एउटी ४ वर्षकी छोरी छिन् ।

आरआरएनको आर्थिक सहयोग र जाईकाको प्राविधिक सहयोगमा ७ दिने धूँवारहित चूलो निर्माण तालिममा उनी लगायत समूहका सबै सदस्यहरुले भाग लिएका थिए । तालिम पश्चात आफ्नो घरमा पनि आफैले धूँवारहित चूलो बनाइन् । परम्परागत साधारण चूलो भन्दा अहिलेको सुधारिएको चूलोमा दाउरा पनि कम लाग्ने खाना पनि छिटो पाक्ने र लामो समय सम्म पनि चूलोमा खाना तातो नै बसी रहने हुँदा यो चूलो धेरै उपयोगी भएको कुरा उनले अनुभव गरिसकेकी छिन् । उनी भन्छिन् “सामुदायिक वनमा दाउरा काट्न पाइन्न । दाउराको दुःख भएकोले थोरै दाउराले छिटो खाना बनाएर बच्चालाई ख्वाएर स्कूल पुऱ्याउनुपर्ने र अरु काम धन्दा पनि भ्याउनु पर्ने हुंदा समस्या थियो । भान्सा कोठा सानो थियो एउटा मात्र रुयाल भएको हुनाले कोठामा खाना बनाउंदा बस्न नै नसक्ने गरि धूँवा हुन्थ्यो र आँखा पोल्थ्यो । खाना बनाउन एकदम समस्या हुन्थ्यो, खोकी लाग्ने हाछिउ आउने आदि हुन्थ्यो तर अहिले कोठाबाट धूँवा बाहिर जाने पाईप सहितको चूलोमा खाना बनाउंदा धूँवा पटक्कै हुँदैन खाना आरामसाथ बनाउन सकिन्छ र खाना छिटो पनि पाक्छ ।”

उनको भान्सा कोठाको रुप पनि फेरिएको छ । भान्सा कोठा राम्रो देखिन्छ । चूलोमा जतिसुकै सानो ठूला भाडा पनि बसाउन सकिन्छ । उनको चूलो र यस्को फाईदा देखेर समूह भन्दा बाहिरका मानिसहरुले पनि उनलाई चूलो बनाइदिन आग्रह गर्छन् । आजभोली यो चुलो बनाउने काम उनको आम्दानीको बाटो भएको छ । संस्थाले चूलो बनाउने फर्मा तथा अन्य सामानहरु समूहलाई नै हस्तान्त्रण गरेको छ । त्यही सामानहरु नै उनी प्रयोग गर्छिन र प्रयोग पछि फेरि समूहलाई फर्काउँछिन् । सबै कच्चा पदार्थ जुटाइदिएको खण्डमा एउटा चूलो उनले २ घण्टामा तयार गर्छिन् । चूलो बनाए बापत रु. २०० लिन्छिन् । किनकी ढुंगामाटोको काम गर्न गाह्रो हुन्छ उनी भन्छिन् । अहिले यो धूँवारहित चूलोको तालिम लिन पाएकोले आरआरएनलाई धेरै धन्यवाद दिन्छिन् ।

यो बाहेक पनि नेतृत्व विकास, करेसाबारी, एकीकृत स्वास्थ्य र जैविक विविधता सम्बन्धी तालिमहरु लिएकी छिन् । उनले तरकारी खेती गरेकि छिन् । त्यसैले तरकारी बाहिरबाट किन्नु पर्दैन । बढी भएको तरकारी बाहिर बजारमा लगेर बेचेर घरायसी सरसामान किन्ने र घर खर्च चलाउने गर्छिन् । तरकारी बेचेर समूहमा पनि बचत गर्छिन् । आरआरएनले एकीकृत कार्यक्रम संचालन गरेपछि उनमा चेतना जागेको छ भन्छिन् ।

# bfË lhNnfdf dQm sdofx?sf l:ylt / ;3;:yfx?sf eldsf

**विकास चौधरी**
आरआरएन, दाङ्ग

मानव सभ्यताको इतिहासलाई हेर्ने हो भने जुन अवस्थामा मानव अहिले छ त्यो विगतमा थिएन । जंगली अवस्थामा रहेको मानव सभ्यता, ओडार, गुफा र कन्दरामा बस्ने र जंगली जनावर तथा तरुल, गिठा र भ्याकुर संकलन गरेर खाने मानिस अहिले सभ्य र सुसंस्कृत समाजमा रुपान्तरण भएको छ । आदिम कालमा मानिसहरुको प्रकृतिको सबै वस्तुहरुमा समान अधिकार थियो । जब समाजमा वर्गिय स्वरुप देखा पर्न थाल्यो र सम्पत्ति राख्ने चलनको विकास भयो त्यसबेला देखि दास प्रथाको सुरुवात भयो । बलियोले निर्धाहरुलाई आफ्नो नोकर बनाएर राख्न थाले । यसरी मानिसहरुलाई दास, दासीको रुपमा पशु समान किनबेच गर्ने चलनको विकास भयो । दास प्रथाको शुरुवात भएपछि नेपालमा पनि कमारा कमारी राख्ने चलन चल्यो । नेपालमा १९ औं शताब्दी सम्म यस प्रथाले मौलाउने अवसर पायो । तत्कालिन प्रधानमन्त्री श्री ३ चन्द्र शमसेरले कमारा कमारी प्रथाको उन्मूलन गर्ने उद्देश्यले उनीहरुलाई मुक्त बनाएर अमलेखगञ्जमा बस्ती बसालेका थिए । यसरी श्री ३ चन्द्रशमसेरले दास दासी प्रथाको उन्मूलन गरेपछि दास प्रथाको परिमार्जित रुप कमैया प्रथाको शुरुवात भयो । दास प्रथाको अन्त्य भईसकेपछि अरु जातिका मानिसहरु दास हुनबाट मुक्त भए तर थारु जाति जो स्वभावैले सरल र सिधा थिए ती थारु जातिहरु फेरी पनि कमैयाको रुपमा दास बन्न बाध्य भए । कमैया प्रथामा कमैयाहरुलाई थोरै ज्यालामा काम लगाउने र उस्का छोराछोरी र श्रीमति समेत मालिकको घरमा सित्तैमा काम गर्नु पर्ने भएकोले कमैयाहरु कहिल्यै पनि उभो लाग्न सकेनन् । कमैयाका पुस्तौ पुस्ता कमैया (बधुवा) भएर बस्न बाध्य भैराखेका थिए । यसरी कमैयालाई गर्ने शोषण, दमन, अन्याय र अत्याचारले सिमाना नाघेको थियो । कमैयाका छोराछोरीहरु पढ्न लेख्न पाउनुको सट्टा मालिकको घरमा गाई, भैसी, भेंडा, बाखा चराउने र घाँस दाउरामा जीवन बिताउनु पर्ने भयो । यसरी उनीहरुको मानवअधिकार हनन् भएको देखेर कमैयाहरुसंग कार्य गरिरहेका गैरसरकारी संस्थाहरुको लामो प्रयास र आन्दोलन पश्चात २०५७ साल श्रावण २ गते कमैया मुक्तिको साथै उनीहरुको सौकी (ऋण) पनि मिनाहा भएको घोषणा भयो । यसरी कमैया मुक्तिको घोषणा भएपछि समस्या घट्नुको सट्टा झन् बढेर गयो, उनीहरुलाई मालिकले वर्षा यामको झरीमा घरबाट निकाली दिए । यसरी मालिकको घरबाट निकालिए पछि मुक्त कमैयाहरु जिविसको प्राङ्गणमा झुपडी बनाएर बस्न बाध्य भए । यस्तो परिस्थितिमा विभिन्न गैरसरकारी संस्थाहरुले उनीहरुलाई

**आदिम कालमा मानिसहरूको प्रकृतिको सबै वस्तुहरूमा समान अधिकार थियो । जब समाजमा वर्गिय स्वरूप देखा पर्न थाल्यो र सम्पत्ति राख्ने चलनको विकास भयो त्यसबेला देखि दास प्रथाको सुरूवात भयो ।**

अतिआवस्यक पर्ने चामल, लत्ताकपडा तथा औषधीको व्यवस्था गरिदिएका थिए । मुक्त कमैयाहरुसंग कार्यरत गैरसरकारी संस्था, राजनैतिक पार्टिहरुको आन्दोलन र अन्तर्राष्ट्रिय दबाबका कारण श्री ५ को सरकारले बांके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ्ग जिल्लाका मुक्त कमैयाहरुलाई रातो, निलो, सेतो र पहेंलो कार्ड गरी चार भागमा विभाजन गरियो । रातो र निलो कार्ड पाएका मुक्तकमैयाहरुलाई २-५ कठ्ठा सम्म जग्गा वितरण गरी प्रति परिवार १० हजार रुपैया र ३५ क्यू फिट काठ दिने निर्णय गरेर पुनर्स्थापना गऱ्यो ।

## कमैया नभएका गाविसहरुको विवरण

१. काभ्रे २. लुहारपानी ३. सैघा ४. स्युजा ५. हाासिपुर ६. कोईलाबास ७. गोल्टाकुरी

**नोटः**

१. कमैया मुक्त हुनु भन्दा अगाडि २०५३ सालमा जिल्ला भूमिसुधार कार्यालय दाङले त्रिभुवननगर पालिकाको वार्ड नं. ४, बेल्भार भन्ने गाँउमा ४० घरपरिवार

**श्री ५ को सरकार जिल्ला भूमिसुधार कार्यालय घोराही, दाङले मुक्त कमैयाहरुलाई यसरी वर्गिकरण गरेको छ ।**

| क्र.सं. गा.वि.स/न.पा.को नाम | कार्डको विवरण | | | | जम्मा |
|---|---|---|---|---|---|
| | रातो | निलो | सेतो | पहेंलो | |
| १.राजापुर | १ | २ | ३ | १ | ७ |
| २. बेला | ३ | ४ | ४ | ४ | १२ |
| ३. गढवा | ० | ३८ | १३ | ११ | ६२ |
| ४. गंगापरस्पुर | ३ | ३९ | ३६ | ४९ | १२७ |
| ५. गोबरडिहा | ३ | ४ | ११ | १३ | ३१ |
| ६. लालमटिया | १६ | १ | २८ | १४ | ५९ |
| ७. शिसहनिया | १ | ४ | ४७ | १४ | ६६ |
| ८. सोनपुर | ३ | ११ | ४१ | ९ | ६३ |
| ९. चैलाहि | १ | ६ | ३८ | १० | ५५ |
| १०. सतबरिया | १० | २ | १५ | ८ | ३५ |
| ११. रामपुर | ४ | १८ | ८ | ३ | ३३ |
| १२. लक्ष्मीपुर | ९ | ७ | ४ | ९ | २९ |
| १३. धर्ना | ० | २ | ० | २ | ४ |
| १४. सौडियार | १६ | ५ | ६ | ६ | ३३ |
| १५. त्रि.न.पा. | ३२ | १७ | २१ | ३६ | १०६ |
| १६. हापुर | १ | ४ | ४ | ४ | १३ |
| १७. नारायणपुर | १ | २ | ९ | ९ | २१ |
| १८. ढिकपुर | ११ | ११ | १६ | २३ | ६१ |
| १९. डुरुवा | ५ | ५ | २० | १७ | ४७ |
| २०. मानपुर | २१ | ८ | २३ | ३१ | ८३ |

| क्र.सं. गा.वि.स/न.पा.को नाम | कार्डको विवरण | | | | जम्मा |
|---|---|---|---|---|---|
| | रातो | निलो | सेतो | पहेंलो | |
| २१.बिजौरी | ४ | ७ | ५ | ५ | २१ |
| २२. हलवार | २ | ३ | २ | ८ | १५ |
| २३. तु.न.पा. | ३ | ३ | १ | २ | ९ |
| २४. तरिगााउ | ५ | ५ | ६ | ६ | २२ |
| २५. उरहरी | ४ | ४ | ५ | ८ | २१ |
| २६. फुलबारी | १ | ० | १ | ३ | ५ |
| २७. हेकुली | ३ | १ | ६ | ८ | १८ |
| २८. शान्तिनगर | ० | १ | १ | २ | ४ |
| २९. पबननगर | ० | १ | १ | २ | ४ |
| ३०. श्रीगााउ | ४ | २ | १० | ४ | २० |
| ३१. धनौरी | ३ | २ | ३ | ७ | १५ |
| ३२. पञ्चकुले | ३ | ३ | ० | १ | ७ |
| ३३. बाघमारे | ० | १ | ० | ० | १ |
| ३४. पुरन्धारा | २ | ० | ० | ० | २ |
| **जम्मा :-** | १७५ | २२३ | ३८८ | ३३१ | ११११ |

रातो कार्ड . घरबार विहीन
निलो कार्ड . ऐलानी जग्गामा बसेका
पहेंलो कार्ड . २ कठ्ठा सम्म आफ्नो जग्गा भएको
सेतो कार्ड . २ कठ्ठा देखि २ बिघासम्म आफ्नो जग्गा भएका

श्रोत :- जिल्ला भूमिसुधार कार्यालय, घोराही, दाङ

कमैयाहरुलाई प्रति परिवार २ कट्ठाका दरले जग्गा वितरण गरी कमैया शिविरको स्थापना गरेको थियो । यसलाई माथि उल्लेख गरिएको छैन ।

२. २०६० सालमा छुट लागत लिँदा ४५६ जनाले निवेदन दिएकोमा ८६ जनाले रातो कार्ड र १७६ जनाले निलो कार्ड प्राप्त गरेका छन् ।

श्री ५ को सरकार जिल्ला भूमिसुधार कार्यालय घोराही दाङले मुक्त कमैयाहरुलाई विभिन्न वर्गमा विभाजन गरी जग्गा वितरण गरेपछि रातो र निलो कार्ड पाएका मुक्त कमैयाहरु शिविरको रुपमा बस्न थाले । जसबाट थोरै भएपनि मुक्त कमैयाहरुले राहतको महसुस गरे । जस्को विवरण यस प्रकार छ ।

कार्यरत विभिन्न संघसंस्थाहरुले मुक्त कमैयाहरुको पुनर्स्थापनाको लागि विभिन्न खालको योजना ल्याएर सहयोग गरिरहेको देखिन्छ । यसरी विभिन्न गैरसरकारी संस्थाहरुले मुक्त कमैयाहरुसंग कामको लागि खाद्यान्न, खानेपानी, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, निर्माण सम्बन्धी र उनीहरुको आयआर्जन तथा सचेतनाको लागि विभिन्न कार्यक्रम गरिरहेका छन् । प्रायजसो मुक्त कमैयाहरुले सीपमूलक तालिम लिईसकेका छन तर समस्या ज्यूं का त्यूं छन् । भोलि कमैयाहरुसंग कार्यरत संघसंस्थाहरु बाहिरिए पछि मुक्त कमैयाहरु बिचल्ली हुने देखिन्छ तसर्थ अहिले उनीहरुसंग कार्यरत गैरसरकारी संस्थाहरुले उनीहरुको दिगो जीविकोपार्जन तथा स्वावलम्बी बनाउनको लागि आवस्यक कदम चाल्नु पर्ने देखिन्छ । त्यसैले निम्न

**मुक्त कमैयाहरुको शिबिरको नमुना यस प्रकार रहेको छ ।**

| क्र.स. | ठेगाना | परिवार संख्या | कार्डको विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | लालमटिया- ३,४,मुक्तिनगर | १३३ | रातो | हाल ६३ घर परिवार मात्र स्थायी रुपमा बस्ने गरेका |
| २. | गढवा ,६ , मानपुर, | १८ | निलो | |
| ३. | गढवा , चिल्लिया | १६ | निलो | |
| ४. | रामपुर, ४,साईपुर | १८ | निलो | |
| ५. | गंगापरस्पुर, खड्कपुर | १२ | निलो | |
| ६. | गंगापरस्पुर, सालधुन्दी | १० | निलो | |
| ७. | गंगापरस्पुर,मगरौता | १२ | निलो | |
| ८. | त्रिभुवननगर पालिका ४, बेल्भार | ४० | रातो | हाल कार्ड प्राप्त नभएका |

मुक्त कमैयाहरुलाई जंगल फडानी गरेर शिविरको रुपमा बसाले पछि उनीहरुलाई खानेपानी, सरसफाई, शिक्षा, स्वास्थ्य र बाटोघाटोको समस्या देखिन थाल्यो । यस्तो स्थितिको मध्यनजर राखेर दाङ्ग जिल्लामा

बमोजिमका कार्यक्रमहरु संचालन गरेमा उनीहरुको दिगो जीविकोपार्जन हुने सम्भावना देखिन्छ । जस्तैः

## संचेतना कार्यक्रम

सर्वप्रथम मुक्त कमैयाहरुलाई सचेत गराउनु जरुरी हुन्छ । किनकी सचेतना बिना उस्लाई आफ्नो तथा आफ्नो परिवार र समाजको हितको लागि केही गर्ने भावना हुदैन र आफ्नो छोराछोरीहरुलाई कमैया कमलहरी बसालेर आफुले फजुल खर्च गर्ने परिपाटिको अन्त्य हुदैन । उनीहरुलाई जाँड, रक्सी, चुरोट बिडी नखाए पनि बाँच्न सकिन्छ र थोरै भएपनि बचत गर्नुपर्छ भन्ने भावनाको विकास गराउनु पर्छ ।

## सीपमूलक तालिम उपयोगी हुनुपर्दछ

माथि नै उल्लेख गरिएको छ कि प्रायजसो विभिन्न सीपमूलक तालिम जस्तैः साईकल मर्मत, हाउस वायरीङ्ग, सिकर्मी, डकर्मी, सिलाईकटाई, बुनाई तालिम आदि मुक्तकमैयाहरुले लिईसकेका छन् तर उपलब्धि शून्य छ । सयमा १ जनाले मात्र तालिमको उपयोग गरेका छन् । अहिले तालिम भत्ता खाने थलो भएको छ र यस्को कुनै महत्व छैन तसर्थ अब उप्रान्त गैरसरसकारी संस्थाहरुले सीपमूलक तालिम र आयमूलक तालिम दिंदा पहिले सहभागीहरुले के विषयमा तालिम लिन चाहन्छन त्यो कुराको राम्ररी ख्याल गर्नुपर्छ । सकभर मुक्तकमैयाहरु परापूर्व कालदेखि कृषि पेशामा संलग्न हुदै आएकोले कृषिमा आधारित तालिम जस्तैः बेमौसमी तरकारी खेती, आधुनिक तरिकाले अन्य बाली लगाउने तालिम दिने र तालिम पश्चात व्यवसाय संचालनको केही रकम अनुदान दिनु पर्ने देखिन्छ ।

**जंगलमा सालको पात, बाबियो, खर प्रशस्त मात्रामा पाइने हुँदा कमैया शिविरमा सामूहिक रूपमा टपरी, दुना, डोरी आदि बनाउने मेसिनको व्यवस्था साथै खर र बाबियोलाई जिल्ला बाहिर निकासी गर्ने व्यवस्था गर्नसके थोरै भएपनि उनीहरूको जीवनस्तर माथि उठ्ने देखिन्छ ।**

## स्थानीय साधन र स्रोतको परिचालन

अहिले मुक्तकमैयाहरुलाई वन फडानी गरेर जंगलको छेंउमा राखिएको छ त्यसैले उनीहरुलाई बाखापालन, भैंसीपालन गर्न अभिप्रेरित गर्नुपर्छ । त्यस्तै जंगलमा सालको पात, बाबियो, खर प्रसस्त मात्रामा पाइने हुंदा कमैया शिविरमा सामूहिक रुपमा टपरी, दुना, डोरी आदि बनाउने मेसिनको व्यवस्था साथै खर र बाबियोलाई जिल्ला बाहिर निकासी गर्ने व्यवस्था गर्नसके थोरै भएपनि उनीहरुको जीवनस्तर माथि उठ्ने देखिन्छ ।

## सामूहिक खेतीमा सहभागी

मुक्तकमैयाहरु परापूर्वकाल देखि कृषि पेसामा संलग्न रहदैं आएको छ । त्यसैले अब उनीहरुलाई आधुनिक खेती प्रणालीको तालिम दिएर कसैको व्यक्तिगत जग्गा ठेक्कामा लिई बेमौसमी तरकारी, मकै खेती र अन्य खेती सामूहिक रुपमा लगाउनुपर्छ जसबाट उनीहरुको आर्थिक र शारीरिक विकास हुनेछ ।

माथि उल्लेखित कुराहरुमा मुक्त कमैयाहरुसंग कार्यरत संघसंस्थाहरुले थोरै मात्र ध्यान दिने हो भने उनीहरुको आर्थिक, सामाजिक, भौतिक तथा शैक्षिकस्थितिमा सुधार आउने देखिन्छ ।

# समुदायमा आधारित दैबिप्रकोप पूर्वतयारीको अवधारण

**भानु पराजुली**
आरआरएन, कास्की

**समुदायमा आधारित दैबिप्रकोप पूर्वतयारी कार्यक्रम सुरुवातको प्रशङ्ग**

सन् १९९३ को मे २४ देखि २९ सम्म २६ वटा रेडक्रसका राष्ट्रिय सोसाइटिहरुको प्रतिनिधिबीचमा चीनको बेइजिङमा सम्पन्न एसिया प्रसान्त क्षेत्रको चौथो संम्मेलनले दैबिप्रकोपका समयमा गरिने राहत उद्धार कार्यमा स्थानीय क्षमता वृद्धि गरि स्थानीय श्रोत साधन प्रयोग गर्नको लागि समुदायमा आधारित दैबिप्रकोप पूर्वतयारी कार्यक्रम Community Based Disaster Preparedness (CBDP) अवधारणाले जन्म लिएको हो ।

यसलाई नेपाल रेडक्रसले सन् १९९७ बाट सुरुवात गरेको थियो भने हाल सन् २००४ को जुन सम्म ३५ जिल्लाका ३०९ वटा समुदायमा यो सिबिडिपि कार्यक्रम नेपाल रेडक्रसले विभिन्न दाताहरुको सहयोगमा संचालन भएको छ । यस कार्यक्रम अन्य संघ संस्था र निकायले आफै संचालन गर्न सक्ने गरि नीति नियम समेत तयार गरिएको छ । मानवीय क्षतिको न्यूनीकरण गर्ने र प्रकोपबाट समुदायलाई कसरी बचाउने भन्ने कार्यक्रममा संयुक्त राष्ट्रसंघ देखि युरोपियन कमिशनको मानवीय सहायता कार्यालय (इको), कारितास अष्ट्रिया समेतले विभिन्न देशहरुमा यो मानवीय सहायता दिदैआएका छन् । इकोको सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन.) ले कास्की लगायत नेपालका १० जिल्लाहरुमा एकसय जति समुदायहरुमा दैबिप्रकोप पूर्वतयारी तथा न्यूनीकरण, राहत, रोकथाम र पुर्नस्थापना सहयोग कार्यक्रम संचालन गरिरहेको छ ।

**समुदायमा आधारित दैबिप्रकोप पूर्वतयारी कार्यक्रम के हो ?**

समुदायमा आइपर्ने विभिन्न किसिमका दैबिप्रकोपका घटनाहरुबाट हुने धनजनको क्षतिलाई कम गर्न स्थानीय श्रोत र साधनको परिचालन गरि दैबिप्रकोप सम्बन्धी पूर्वतयारी, रोकथाम, न्यूनीकरण एवं राहत कार्य संचालन क्षमता वृद्धि गर्न तयार गरिएको कार्यक्रम नै समुदायमा आधारित दैबिप्रकोप पूर्वतयारी कार्यक्रम हो ।

**समुदायमा आधारित दैबिप्रकोप पूर्वतयारी कार्यक्रम कसरी संचालन गर्ने ?**

१. संकटाभिमूख समुदाय छनौट ।

२. समुदायमा हुन सक्ने दैबि बिपत्तिहरुको जानकारी गराउने ।

३. सामुदायिक समिति गठन गर्ने ।

४. पूर्वतयारी, रोकथाम र न्यूनीकरणका कार्यक्रम संचालन गर्ने ।

५. समुदायमा दक्ष जनशक्ति तयार गर्ने ।

६. सामुदायिक कार्यकर्ता (स्वयंम सेवक) छनौट गर्ने ।

७. आवश्यक साधन श्रोतको तयारी ।

८. प्राथमिक उपचार, दैबिप्रकोप सम्बन्धी तालिमहरु संचालन ।

९. राहत सामाग्री व्यवस्थापन, आवश्यक कोष व्यवस्था ।

१०. सूचना प्रणालीको व्यवस्था ।

११. स्थानीय श्रोत साधन, संकटभिमूख क्षेत्र समेत गाउँको नक्साङ्कन तयार गरेर राख्ने ।

## समुदायमा आधारित दैबिप्रकोप कार्यक्रम किन ?

१. समुदायको दैबिप्रकोपका दृष्टिले जोखिमपूर्ण वा संकटाभिमूख स्थानहरु पहिचान गरि सावधानी अपनाउन ।

२. दैबिप्रकोप पूर्वतयारीको लागि आवश्यक कुराहरुको अध्ययन गरि सामुदायिक क्षमता अभिवृद्धि गर्न ।

३. स्थानीय सामुदायिक समिति गठन गरि दैबिप्रकोप सम्बन्धी समस्या समाधान गर्न आवश्यक तयारी गर्न ।

४. संचार व्यवस्था व्यवस्थित गरि राहत उद्धारकार्य व्यवस्थित बनाउन ।

५. समुदायमा दैबिप्रकोप राहत उद्धार कार्यको लागि आवश्यक सीपमूलक दक्ष जनशक्ति तयार गर्न ।

६. दैबिप्रकोपको समयमा गरिने राहत उद्धार सेवा व्यवस्थित गर्न ।

## दैबिप्रकोप व्यवस्थापनमा समुदायको भूमिका




**जोखिमः**

मानवजन्य र प्रकृतिजन्य संकटभिमुखता र खतराको अवस्था बाट जुन घातक परिणामहरु वा क्षतिहरु उत्पन्न हुन्छ । त्यसलाई जोखिम भनिन्छ । यसले मानिसको मृत्यु हुने, घाइते हुने सम्पत्तिको नोक्सानी हुने, वातावरणिय क्षति हुने तथा जीवन निर्वाहका साधनहरुमा प्रभाव पर्दछ ।

जोखिम (Hazard) x संकटभिमुखता (Vulnerability) x ! दैवीप्रकोप (Disaster)

जुझ्न सक्ने क्षमता (Capacity to cope)

जोखिमको सम्बन्ध खतरा र संकटभिमुखता प्रति प्रत्यक्ष अनुपातिक हुन्छ भने क्षमताको खतरा र संकटभिमुखता प्रति उल्टो अनुपातिक रुपमा सम्बन्धित हुन्छ ।

## जोखिम न्यूनीकरणका उपायहरु

जोखिम न्यूनीकरणका उपायहरु निम्न शिर्षकबाट वर्गिकरण गरेर हेर्न सकिन्छ ।

१. समाज सम्बन्धी ( Social)

२. भौतिक योजना (Phycial Planing)

३. आर्थिक (Economic)

४. इन्जीनियरिङ्ग र निर्माण (Engineering and Construction)

५. व्यवस्थापन र संस्थागत संस्मरण (Management and Institutional Memory)

## जोखिम न्यूनीकरण प्रक्रिया




सन्दर्भ सामाग्रीः: नेपाल रेडक्रस सोसाइटीको बुलेटिन तथा दैवीप्रकोप पूर्वतयारी तालिमको सामग्री

# मैदान घोपा टोलको परिचय


**पुस्कर धिमाल**

दमक, झापा


नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) को सहयोगमा झापा जिल्ला, महारानी झोडा गाविस, वार्ड नं. १ मा अवस्थित कन्चनजंगा प्रावि भवन र मैदानघोपा कृषि सडक निर्माण भएको हो । उक्त बाटो निर्माण पश्चात त्यस ठाउँमा बसोबास गर्ने मानिसहरुलाई धेरै सुविधा भएको छ । त्यहाँका मानिसहरु धेरै जसो आदिवासी, दलितहरु र केही ब्राम्हण, क्षेत्री पनि छन् । त्यहाँका मानिसहरुको आर्थिक स्थिति पनि कमजोर हुनका साथै उनीहरु शिक्षाको अवसरबाट पनि वञ्चित छन् । त्यस ठाउंका मानिसहरुको आफ्नै छोराछोरीलाई पनि पढाउन सक्ने अवस्था छैन । त्यहाँका मानिसहरु प्रायः दिनभरि अर्काकोमा ज्यालादारीमा काम गर्छन् । तिनीहरुको समस्याले गर्दा बालबालिकाहरु पनि शिक्षाबाट टाढा भएका छन् । त्यहाँका मानिसहरु भन्ने गर्छन् । "दिउसो भरी अर्काकोमा काम गरेर बल्ल परिवारको पेट भर्नु पर्छ । छोराछोरीलाई के को पैसाले पढाउने, किताब, कापी, ड्रेस किन्नु पऱ्यो, यो मजदुरीको पैसाले कसरी पुग्छ र ?" भन्ने प्रश्न गर्ने गर्दछन् ।

यस समुदाय भित्र एउटा कन्चनजंगा प्रा.वि. पर्दछ । यस विद्यालयको भवन ज्यादै पुरानो, जिर्ण र भत्किन लागेको थियो । आरआरएनले त्यस विद्यालयको भवन पुनर्निर्माणमा सहयोग गरेको छ । त्यस विद्यालयको अन्य आयश्रोत केही नभएको र अभिभावकहरुले छोराछोरी पढाए वापत थोरै रकम दिने गर्दछन् । उक्त क्षेत्रका मानिसहरु सायद, अशिक्षितका कारणले गर्दा होला महिलाहरु अगाडि बढ्न सकेका छैनन् ।

# टेपरी कजवेले ल्यायो सुविधा टेपरी बासीलाई

**बालकृष्ण चौधरी**
आरआरएन, बर्दिया

बर्दिया जिल्लाको गुलरिया नगरपालिका अन्तर्गत अति विकट गाउँ मानिने टेपरी गाउँमा अवस्थित सर्जु नाला (बबई नदिले छोडेको नाला) मा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा एउटा कजवे पुल निर्माण योजना सम्पन्न हुने भएको छ । सो योजना कार्यान्वयन गर्नको लागि आरआरएन बर्दिया, गुलरिया नगरपालिका र जिल्ला विकास समिति बर्दियाको संयुक्त लगानी रहने गरि त्रिपक्षिय सम्झौता गरिएको थियो । जसमा प्राविधिक सामाजिक रुपमा गरिने सम्पूर्ण कार्यको जिम्मा आरआरएन बर्दियाले लिएको थियो । सो कजवे पुल निर्माणको लागि जम्मा लगानी रु. १४,३३,३३६.३३ मध्ये आरआएन, बर्दियाले रु.७,२८,३६९.३३, गुलरिया नगरपालिकाले रु. ३,७५,७१७, जिल्ला विकास समिति बर्दियाले रु. २,२५,२०० समुदायले रु. १,०४,०५० संयुक्त रुपमा लगानी गरिएको छ । पुलको सम्पूर्ण प्राविधिक तथा सामाजिक परिचालन पक्षको जिम्मेवारी आरआरएनले लिई करीब ६ महिनाको अन्तरालमा पुल निर्माण कार्य सम्पन्न भएको छ ।

यद्यपी बर्दिया जिल्लाको एक मात्र नगरपालिका गुलरिया नगरपालिका हो । नगर पालिकाको रुपमा गुलरिया नगर पालिका चिनिए पनि यहांका वार्ड तथा गाउँहरुमा पर्याप्त भौतिक पूर्वाधार नभएको नगर पालिकाको रुपमा चिनिन्छ । यस नगरपालिको बजार क्षेत्र पर्ने वार्ड नं. ८ वाहेक कुनै पनि वार्डमा खानेपानी, शिक्षा, स्वास्थ्य आदिको उचित प्रबन्ध भएको पाइदैन । यस नगरपालिकामा अवधि, थारु, बाहुन, क्षेत्री तथा अन्य जातिहरुको बसोबास रहेता पनि अवधि समुदायको वाहुल्यता रहेकोछ । यस नगरपालिकाको वार्ड नं. २ को जैनपुर भन्ने ठाउँमा मुक्त कमैयाको बसोबास गराएको छ भने सोहि वार्डको जंगल क्षेत्रमा सुकुम्बासीहरुको बसोबास रहेकोछ ।

करीब ५५०० जनसंख्या रहेको यस नगरपालिकाको वार्ड नं. १२ मा पर्ने टेपरी गाउँमा मुक्त कमैयाहरु १४४ घर परिवार, सुकुम्बासीहरु ५६ घर परिवार तथा अवधि समुदायको बसोबास रहेकोछ । यस गाउँमा श्री ५ को सरकारद्वारा कमैयाहरुलाई मुक्त गरेपछि उनीहरुलाई पुनर्स्थापना गराउनका लागि ३-५ कठ्ठा जग्गा वितरण गरि बसोबास गराइएको हो । उनीहरु सँगसँगै बर्दिया जिल्लामा रहेका सुकुम्बासीहरु पनि त्यस ठाउँमा बसोबास गर्न थाले । अन्य अवधी समुदायका मानिसहरु परापूर्व कालदेखि नै त्यस ठांउमा बसोबास गर्दै आइरहेकोले उनीहरुलाई आदिवासीको रुपमा लिन सकिन्छ । उनीहरु सबैको पेसा कृषिमै आधारित छ भने ती मध्ये केहिले तरकारी खेति, बाख्रा पालन आदि पेसा पनि शुरुआत गर्न थालेको पाइन्छ ।

त्यस सर्जु नाला पारी (टेपरी) का सैयौ मानिसहरु दैनिक रुपमा जिल्लाको सदमुकाममा कामको खोजि गर्न ओहरदोहर गर्ने गरे पनि टेपरी कजवे पुल बन्नु पूर्व वर्षातको समयमा उनीहरु प्रायजसो छिमेकी राष्ट्र भारतको बाटो भएर सदरमुकाम गुलरिया बजार आउने जाने गर्दथे भने अन्य मौसममा आफ्नो सवारी साधन जस्तैः साइकल कांधमा बोकेर, पाइन्ट फुकालेर कम्मर सम्मको पानी तरेर आउने जाने गर्नु पर्ने बाध्यता थियो । यो भन्दा पनि महिलाहरुको लागि त अति कष्टकर थियो भने बालबालिकाहरु जो सदरमुकाममा स्कुल पढ्न आउने जाने गर्दछन् उनीहरुको लागि त झन समस्या थियो । त्यस क्षेत्रको कुनै पनि गाउँमा राति कुनै व्यक्ति विरामी पर्दा उपचार गराउन नसकिने अवस्था थियो । यहि समस्याले गर्दा धेरै मानिसहरु वर्षातको समयमा सर्पको टोकाईबाट आफ्नो ज्यान गुमाउन बाध्य भएको कुरा गाउँलेहरु बताउने गर्दछन् ।

हाल त्यस कजवे पुल निर्माण कार्य सम्पन्न भै सकेपछि सुखसाथ ओहर दोहर गर्न सक्छन् । हाल सम्म त्यस गाउँमा गाडी गुड्न सकेको थिएन तर अब देखि त्यहां गाडीहरु दैनिक रुपमा गुडिरहेका छन् । अझ त्यस पुल नेपाल भारत जोड्ने माध्यमको रुपमा स्थापित भएको छ । त्यसबाट लाभान्वित गाउँलेहरु मध्ये उपभोक्ता समितिका अध्यक्ष पहलसिंह रानामगर यसरी भन्छन् "पहिलो कुरो त यो पुल निर्माण गर्दा ६ महिना सम्मको अवधिमा २४५५ जना व्यक्तिले रोजगार पाए र उनीहरु प्रत्येक वर्ष रोजगारीका लागि इन्डियातिर जाने गर्दथे त्यो जानु परेन अर्को कुरो हामीहरु सांझ विहान जतिखेर पनि हाम्रा खेतबारीमा फलेका तरकारी तथा अन्य बालीहरु गुलरिया बजारमा लगेर सजिलैसंग विक्री वितरण गर्न सक्ने भएकाछौं । मानिसहरु बिरामी पर्दा पनि सजिलैसँग समयमै उपचार गराउन सक्ने भएका छौं ।♥

# सिंचाईको महत्व

**हिरा गिरी**
आरआरएन, दाङ्ग

नेपाल एउटा कृषि प्रधान देश हो । यहाँका अधिकांश जनताहरु कृषि पेशामा संलग्न छन् । यहाँका करिब ८० प्रतिशत जनताहरु कृषिमा आधारित भएको हुनाले हाम्रो देश नेपाललाई कृषि प्रधान देश भनिएको हो । हाम्रो देश नेपाल भौगोलिक बनावटले हेर्ने हो भने हिमाल, पहाड र तराइ गरी तिन भागमा विभाजित भएको पाइन्छ । यहाँ ठाँउ अनुसार फरक, फरक खेती हुने गर्दछ । कृषि उत्पादनमा राम्रो वृद्धि र विकास गर्नको लागि सबैभन्दा महत्वपूर्ण साधन सिंचाई हो । कृषिमा सिंचाइले महत्वपूर्ण भूमिका निभाएको हुन्छ । सिंचाई बिना कुनै पनि नयाँ प्रविधिको विकास हुन सक्दैन । सिंचाई भनेको यस्तो महत्वपूर्ण साधन हो जुन बाली बिरुवाको उत्पादन तथा विकासकोलागि विभिन्न प्राविधिक ज्ञानहरुको योजनाहरु अपनाएर बाली नाली बोट बिरुवाहरुको जरा सम्ममा अथवा खेतीयोग्य जमीनको माटोमा चिस्यान कायम गर्ने प्रविधिलाई सिंचाइ भनिन्छ ।

कृषि पेशामा पनि प्रमुख पेशा खेतीपाती हो । नेपालको भौगोलिक कारणले गर्दा कूल भूभाग मध्ये १८ प्रतिशत भूभागमा मात्रै खेती गरेको पाईन्छ । खेतीयोग्य जमिन मात्रै भएर खेतीपाती सफल हुदैन । खेतीपातीलाई आवश्यक पर्ने पानी पनि अति महत्वपूर्ण पक्ष हो । किनकी जुन सुकै प्राणी देखि लिएर बालीनालीलाई पनि पानी र चिस्स्यानको अति नै आवश्यकता पर्दछ । बालीनालीलाई चाहिने आवश्यक चिस्स्यान परिपूर्ति गर्ने  प्राविधि सिंचाई हो ।

हाम्रो देश नेपाल जलश्रोतको क्षेत्रबाट हेर्नेहो भने विश्वकै दोश्रो धनी मुलुकमा पर्दछ । यहाँ अपार जल सम्पदा  छन् । यस्तो जलश्रोत हुंदा हुदै पनि कागलाइ बेल पाकेर के काम भने जस्तै नजिकबाट अपार जल सम्पदा बोकेर नदीहरु आफ्नो बेगमा बगेका छन् भने सानातिना खालका सधैभरी पानी जम्मा भइ बगिरहने कुल कुलेसा, ताल पोखरी मूलहरुमा भएका पानीले पनि प्राविधिक ज्ञानको अभाव र साधन श्रोतको कमीले गर्दा त्यतिकै खेर गइ रहेका छन् । त्यही नजिकै खेतबारीमा सुख्खा खडेरीले गर्दा बालीनाली सुकेर गएको हुन्छ । पीडित अवस्थामा आकाशबाट कतिबेला पानी पर्छ भन्ने झीनो आशा लिएर भोलिको गुजारा टार्ने अभिलाशा लिएर बसेका छन् । ती पीडित कृषकहरु आफ्नो नजिक भएको पानीलाई हेर्न मात्र बाध्य भएका छन् । कृषकहरुको यो परिस्थिति हुनुमा विकासोन्मुख हाम्रो देशको श्रोत साधन र प्राविधिक ज्ञानको कमीले गर्दा हो । विकासका खुड्किलाहरुमा बामे सर्दा सर्दै जाने क्रममा देशको कतिपय सुख्खा जमीनहरुमा विस्तारै भएपनि केही भूभागहरुमा सिंचाईको आवश्यकता परिपुर्ति हूंदै गएको छ । विस्तारै विस्तारै हिजोको दाँजोमा आजभोली क्रमिक रुपमा नेपालको खेतीयोग्य जमीन सिंचित हुदै छन् । यस कार्यमा योगदान दिने नेपाल राष्ट्रको सिंचाई विभाग तथा सिंचाईमा योगदान दिने गैर सरकारी संस्थाहरुको सहयोग पनि अति महत्वपूर्ण रुपले बढ्दै गएको पाइन्छ । यसकै परिप्रेक्षमा नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले आफ्नो कार्य क्षेत्रमा माग भै आएका सिंचाईका योजनाहरुमा सक्दो योगदान पुऱ्याउदै आएको छ । आरआरएनले हाल दाङ जिल्लाका विभिन्न गाविसहरुमा सिंचाई योजना निर्माण गरेको छ । यसको साथै अरु ठाँउहरुमा पनि धमाधम सिंचाई आयोजना निर्माण गर्ने काम गरिरहेको छ । यसरी कृषकहरुको आवश्यकतानुसार ठाँउ ठाँउमा सिंचाई योजना निर्माण गरिदिएको हुनाले अब त्यहाँका कृषकहरु धेरै खुसी छन् । यसरी योजनाहरु क्रमिक रुपले बढ्दै गएमा कृषिमा आधारित यो गरिब देशको अर्थतन्त्रमा निश्चय पनि सुधार आउने थियो ।

# खानेपानी योजना र आरआरएन

**शिवलाल शर्मा**
आरआरएन, दाङ्ग

मानिसलाई जीवनयापन गर्न विभिन्न भौतिक तथा आधारभूत सुविधाको आवश्यकता पर्दछ । स्वास्थ्य, शिक्षा, संचार, यातायात मानिसको लागि आवश्यक पर्ने वस्तुहरु हुन् । यी विभिन्न वस्तुहरु मध्ये पानी पनि नभई नहुने वस्तु हो । मानिस हावा र पानी नपाउंदा एकै छिन् पनि बाँच्न सक्दैन ।

मानिसले आफ्नो दैनिक क्रियाकलापमा पानीको सबैभन्दा बढी प्रयोग गर्छ । पिउन, खाना पकाउन, नुहाउन, लुगा धुन, सिंचाई गर्न, विद्युत उत्पादन गर्न र अन्य विभिन्न निर्माण कार्यमा पानीकै प्रयोग गरिन्छ । पानी मानिसको लागि मात्र नभई धरातलमा रहने प्रत्येक जीवित प्राणी तथा वनस्पतिको लागि नभई नहुने वस्तु हो । पानीले नै वातावरणमा सन्तुलन कायम गर्छ । यसमा पनि खाने पानीको ठूलो महत्व रहेको हुन्छ । खानेपानी नै जीवन स्वस्थको आधार हो । कुनै पनि व्यक्ति स्वस्थ र सवल हुनमा खानेपानीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । हाम्रो देशको सन्दर्भमा भन्नुपर्दा विश्वकै जलश्रोत सम्पदामा दोश्रो धनी देश नेपाल हो । हाम्रो देशमा करिब ६ हजार भन्दा बढी नदि, नालाहरु छन् । त्यसैगरी साना तिना खोल्सा खोल्सी र मूलहरु भएपनि देशका बहुसंख्यक जनताहरु शुद्ध र प्रयाप्त खानेपानीको सुविधाबाट वञ्चित छन् । आज देशका कतिपय ठाँउहरुमा अव्यवस्थित तथा दूषित पानीको प्रयोग भइरहेको छ । जसको कारण दूषित पानीबाट हुने विभिन्न रोगको शिकार बनेका छन् ।

> नेपालका अधिकांश जनताहरु गरिब भएको कारण गाँउको नजिक पानीको प्रशस्त मुहान भएपनि व्यवस्थित तरिकाले उचित समयमा पानीको उपभोग गर्न पाएका छैनन् ।

पानी भन्दैमा जस्तो सुकै पानी हामीले प्रयोग गर्नु हुदैन । कतिपय पानीका स्रोतहरुमा रासायनिक लवणहरु तथा विषादी वस्तुहरु मिसिएको हुन्छ । जसको कारण स्वास्थ्यमा नराम्रो असर पर्दछ । शुद्ध र प्रयाप्त खानेपानीको सुविधा मानिसको प्रमुख आधारभूत आवश्यकता हो । यसरी मानिस स्वच्छ र सुद्ध पानी खान नपाएर अकालमै ज्यान जाने अवस्थामा पुग्नुको मुख्य कारण गरिबी हो । नेपालका अधिकांश जनताहरु गरिब भएको कारण गाँउको नजिक पानीको प्रशस्त मुहान भएपनि व्यवस्थित तरिकाले उचित समयमा पानीको उपभोग गर्न पाएका छैनन् । ग्रामीण खानेपानी योजनाहरु विस्तार गर्ने क्रममा हाल आएर नेपालमा थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु छन् । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु मध्ये नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) पनि एक हो ।

आरआरएन, ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रमले समुदायमा आफ्नो कार्यक्रम सहज रुपले अघि बढाएको छ । समुदायको सहमति अनुसार पारदर्शी ढंगले विकास कार्यक्रमलाई सजिलो र भरपर्दो बनाएको छ । यसैगरी गरिब तथा निमुखा जनताको उत्थानको लागि समुदायमा आरआरएनले विभिन्न व्यवसायमुखी तालिम दिएर सहयोग गरेको छ र सहकारी संस्था गठन गर्नमा पनि सहयोग गरेको छ ।

# आफ्नै मेहनतले बनिन् चमेली लखपती

**गोबिन्द राज मिश्र**
आरआरएन, बर्दिया

"पैसा कमाउन विदेश जानु पर्दैन हावामा पैसा घुमिरहेको हुन्छ । त्यसलाई लिन जान्नु पर्दछ ।" यो कुनै अर्थशास्त्रीले भनेको होइन यो त गुलरीया नगर पालिका वार्ड नं. २ खैरापुर बस्ने पूर्व सुकुम्बासी चमेली भुर्तेलको भनाई हो । उनी गुलरीया राधाकृष्ण चोकमा बिहानको मिर्मिरे देखि बेलुकीको गोधुली साँझसम्म फलफूल व्यापार गर्छिन् ।

उनी आफ्नो परिवारसंग पर्वत जिल्लाबाट चितवन हुदै २०३८ सालमा बर्दिया जिल्लाको खैरापुर क्षेत्र अन्तर्गत सुकुम्बासी बस्तीमा बस्न आएकी थिइन् । भुर्तेल परिवारले दश वर्ष सम्म अरुको बारीमा अधिया ठेक्का गर्ने, ज्यालादारीमा काम गर्ने, जंगलमा गई खर काटी बेच्ने, दाउरा बेच्ने जस्ता कामहरु गर्दै आएका थिए । धेरै परिश्रम गर्दा पनि उनको परिवारलाई एक पेट खान र एकसरो लगाउने समस्याले सताइनै रहन्थ्यो ।

चमेली भुर्तेलले स्वतन्त्र रुपमा आत्मनिर्भर भई जीविकोपार्जन गर्ने विकल्पहरु खोज्ने क्रममा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले पिछडिएका विपन्न वर्गसंग काम गर्छ भन्ने कुरा थाहापाई २०५२ सालमा पहिलो पटक संस्थाको सम्पर्कमा आएकि थिइन् । उनले खाद्य सुरक्षा परियोजना, आरआरएन अन्तर्गत व्यवसायका लागि समूहमा वितरण गरिने लघु ऋण कार्यक्रम समूहमा प्रवेश गरी २०५३ सालमा रु ५००० ऋण लिएको बताउंछिन् । उनले पैसा लिएपछि फलफूल व्यापार गर्ने विचार गरी पाँच हजार रुपैया नगद साहुलाई बुझाई अरु पाँच हजारको फलफूल उधारो मागी जम्मा दश हजार रुपैयाको सामान गुलरीया बजारमा ल्याई व्यापार गर्न सुरु गरिन् । यस्तै प्रकारले चमेलीले आफ्नो व्यापारलाई निरन्तरता दिदै आएकि छिन् ।

चमेली फलफूलको ठेला धकेल्दै आजभोली भन्ने गर्छिन् "व्यापार सुरु गर्नु अघि मेरो परिवारका सदस्यहरुले बिहान देखि बेलुकासम्म परिश्रम गरेर पनि साठी हजारको व्याज तिर्न सकेका थिएनौ । तर फलफुलको व्यापार गरेपछि यो ऋण तिर्न एक वर्ष मात्र मेहनत गर्नु पऱ्यो । मेरो परिवारका आठ जना सदस्यहरुले खाएको ऋण एकै वर्षमा ऋणमुक्त भएको दिन हाम्रो जीवनको सबै भन्दा खुसीको दिन थियो ।" अझ उनी अगाडि भन्छिन् "मेरो लागि आरआरएन एक मन्दिर बनेको छ र यसैको सहयोगबाट म र मेरो परिवारहरु ऋणको भुवरीबाट निस्कन पाएका छौं ।" उनले ऋण तिरीसकेपछि आफ्नो आम्दानीको केही रकम बचत गर्न सुरु गरिन् । तीन वर्षमा १ लाख पाँच हजार बचत गरिन् । उनी फेरी भन्छिन् "यति धेरै पैसा एकै पटक गन्न पाउदा मेरो आँखामा हर्षका आँसु आयो र यो खुसीसंगै मेहनतले कमाएको पैसा सही ठाँउमा सदुपयोग गर्नु पर्दछ भन्ने विचार आयो । मसंग एक धुर सम्म जमिन थिएन । म र मेरो परिवारको पहिलो समस्या भनेको बास बस्नु थियो ।

> चमेली भुर्तेलले स्वतन्त्र रुपमा आत्मनिर्भर भई जीविकोपार्जन गर्ने विकल्पहरु खोज्ने क्रममा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले पिछडिएका विपन्न वर्गसंग काम गर्छ भन्ने कुरा थाहापाई २०५२ सालमा पहिलो पटक संस्थाको सम्पर्कमा आएकि थिइन् ।

त्यसैले गुलरीया बजारमा १ लाख ५ हजार रुपैयामा एक कट्ठा घडेरी किने । तर पनि बासको लागि प्रयाप्त भएन घर बनाउन बाँकी नै थियो । फेरी बचत गर्न सुरु गरें र दुई वर्षमा १ लाख २५ हजार जम्मा पारे । यस पैसाले ६ कोठाको टायलले छाएको घर बनाएकी छु । यो उपलब्धिले गर्दा मलाई उत्साह बढेको छ । व्यापार अझ बढाएकी छु परिवारका चार सदस्य यसै पेसामा लागेका छौं । यस वर्षको कमाईबाट घर ढलान गर्ने कार्यक्रम बनाएका छौ । यति छोटो समयमा सुकुम्बासीबाट बजारको सुबिधा लिइ बस्न सक्ने बनाउनुमा आरआरएनको सहयोग र मेरो मेहनतको फल नै हो भन्ने मलाई विश्वास छ ।"

चमेलीको ८ जनाको परिवार छ । सबैलाई खान लाउन पुगी उनीहरुको बचत एक वर्षमा ९० हजार सम्म हुने गरेको छ । उनको मेहनतले जुन आर्थिक प्रगति गरिन् त्यसलाई नजिकबाट अध्ययन गर्ने सबैले अनुकरण गर्न योग्य देखिन्छ । यस्तो गरिबीले पछाडि परेको बर्दिया जिल्लामा एक चमेलीले मात्र होईन अरु हजारौ चमेलीले यस्ता व्यवसाय र मेहनत गर्न आवश्यक छ ।

# विद्यालय निर्माणमा आरआरएनको भूमिका

**सल बहादुर पाण्डे**
आरआरएन, दाङ

हिजो जंगली अवस्थामा रहेका मानव आज एक्काइशौं शताब्दीमा आएर विभिन्न वैज्ञानिक उपकरणहरु आविष्कार गर्न, समुन्द्र माथि बस्ती बसाल्न, जमिनमा गुड्न र आकाशमा उडी विभिन्न ग्रह उपग्रहहरुको परिक्रमा गर्न सफल भएका छन् । यो हुनुको मुख्य कारण भनेको शिक्षाको विकासले गर्दा हो । शिक्षा नै देश विकासको मूल मेरुदण्ड हो । शिक्षाले गर्दा नै आज संसार परिवर्तन भएको छ । शिक्षा हासिल गर्ने ठाउ भनेको विद्यालय नै हो । आज संसारमा जति पनि डाक्टर, इन्जिनीयर, वैज्ञानिक भएका छन्, तिनीहरुको शिक्षाको शुरुवात विद्यालय बाटै भएको हो । त्यसैले भन्न सकिन्छ शिक्षा शब्दको जति महत्व छ विद्यालयको पनि त्यतिकै महत्व छ ।

विकासको दृष्टिले अत्यन्त कमजोरी अवस्थामा रहेको देश नेपाल जहाँका बहुसंख्यक जनताहरु गरीबीको रेखामुनि बााचेका छन् । राष्ट्र गरिब छ । जनसंख्या अनुसार विद्यालयको संख्या प्रर्याप्त छैन । आम्दानीको स्रोत भएका विद्यालयहरु थोरै छन् । त्यसमा पनी शहरी क्षेत्रमा मात्र सिमित छन् । धेरै जसो स्कुलहरु जेनतेन स्थापना भएका छन् । जसको आम्दानीको स्रोत छैन । त्यसैले भौतिक सामाग्रीको अभावमा गुणस्तरिय शिक्षाको व्यवस्था हुन सकेको छैन । धेरैजसो बिद्यालयहरुमा पठनपाठनको लागि आबस्यक पर्ने कोठाको अभाब रहेको छ । भएका बिद्यालयका छाना नभएर चुहिने खालका छन भने बस्नको लागि फर्निचर नभएर बिद्यार्थीहरु भुईमा बस्न बाध्य भएका छन । यी कठीनाइहरुलाई मध्यनजर राख्दै नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन.) ले दाङ जिल्लाका १६ वटा गा.बि.स.हरुको अति विकट स्कुलहरुमा जहाा अरु कुनै पनि संघ/संस्थाहरु नपुगेको ठाउंमा यस संस्थाले आवस्यकतानुसारको सहयोग पुराउन सफल भएको छ जसमध्ये बिद्यालय भवन निर्माण, फर्निचर सहयोग, शौचालय निर्माण, छाना मर्मत तथा खानेपानीको लागि रिङकुवा र ट्यूबवेल सपोर्ट कार्यक्रम आदि संचालन गरिरहेको छ । उक्त संचालित योजनाहरुबाट २९ वटा बिद्यालयहरु लाभान्वित भएका छन् । यसरी संचालित कार्यक्रमहरुको समुदायले ज्यादै प्रशंसा गर्नुका साथै संस्थाप्रती धेरै खुसी व्यक्त गर्दै यस संस्थाले गरेको परिवर्तनलाई क्रान्तिकारी परिवर्तनको संज्ञा पनि दिएका छन् ।

# बाढी प्रभावित क्षेत्र देउखुरी

**बसन्त लक्ष्मी उदास**
आरआरएन, दाङ्ग

विगत वर्ष देखि देउखुरी क्षेत्रमा भिषण बाढीको प्रकोपको कारण समुदायहरु विचल्लिमा परेका छन् । प्राय राप्ति पारीका गाविसहरु प्रभावित हुन पुगेका छन् । वर्षै पिच्छे आउने उक्त बाढीको प्रकोपका कारण विस्थापित हुन पुगेका गोवर्डिया गा.वि.स वार्ड नं. १, कालाकाटेका समुदायहरु हाल सम्म पनि शिविरमा नै वस्न वाध्य भएका छन् । जिल्लामा सबै भन्दा बढी क्षति हुन पुगेको ठाउहरु मध्ये कालाकाटे प्रमुख रुपमा पर्दछ । त्यसैगरी गंगापरस्पुर गाविस वार्ड नं. ७ र ९ मा पनि ज्यादै क्षति पुऱ्याएको पाईएको छ । गंगापरस्पुर गाविस वार्ड नं. ९ तकियापुर र वोधिपुरको समुदाय पनि हाल सम्म शिविरमा नै बस्न वाध्य भएका छन् । बाढी प्रभावित क्षेत्र कालाकाटेमा नदी नियन्त्रण गर्न पाएमा केही राहत हुने र विस्थापित परिवारलाई पुनर्स्थापना गर्नु पर्ने सोच जिलावासीहरुको रहेको छ । उक्त कार्यक्रमको लागि ठूलो लागत रकम लाग्ने भएको हुंदा हाल सम्म उक्त योजना संचालन हुन कठिनाई भईरहेको छ ।

सोही कार्यक्रमको लागि आरआरएन, दाङ्गको पहलमा गोवर्डिया गाविस वार्ड नं. १, कालाकांटे नदी नियन्त्रण कार्यक्रमको लागि प्रमुख जिल्ला अधिकारी श्री शिव प्रशाद नेपालको अध्यक्षतामा जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी संस्थाहरुको समन्वय बैठक बसी सहयोगको लागि आवस्यक छलफल भईरहेको छ भने हालै गठन भएको "दैवि प्रकोप व्यवस्थापन समिति" ले स्थानीय स्तर्बाट पनि उक्त कार्यको लागि आवस्यक समन्वय बैठक बसी सहयोग जुटाउने कोशिशको लागि पहल गरिरहेको छ ।

आरआरएनद्वारा संचालित "नेपालमा दैविप्रकोपबाट पीडित समुदायहरुको निम्ति पूर्वतयारी तथा राहत कार्यक्रम" अन्तर्गत बाढी प्रभावित क्षेत्रहरुमा यही अप्रिल २००४ देखि संचालन भईरहेको विभिन्न चेतनामूलक तालिम, बाढी प्रभावित क्षेत्रमा वृक्षारोपण, नर्सरी व्यवस्थापनका साथै यही अगष्ट २००४ देखि गंगापरस्पुर गाविस वार्ड नं.७ लोखरपुर, गंगापरस्पुर गाविस वार्ड नं.९, धर्मापुर र गोवर्डिया गाविस वार्ड नं. ५ कोठरीमा चेकड्याम तथा नदी नियन्त्रणको लागि भौतिक निर्माण कार्य संचालन हुन गईरहेको छ ।



बाढीले क्षति पुऱ्याएको गाउँ गंगापरस्पुर गा.वि.स. वार्ढ नं. ९, धर्मापपुर

# आरआरएनद्वारा संचालित विभिन्न गतिविधिहरु



**झापा जिल्ला**

आरआरएन, ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम अन्तर्गत झापा जिल्लाका दमक नगरपालिका र १६ वटा गाविसहरु पर्दछन् । यस संस्थाले समुदायमा आधारित विकास निर्माणका कार्यक्रमहरु लखनपुर, कोहवरा, महारानीझोडा, कोरोबारी, गौरीगञ्ज, जुरोपानी, सतासीधाम, तोपगाछी, बैगुनधुरा, महाभारा, शिवगंज, बुधबारे, टागनडुब्बा, कुमरखोद, घैलाडुब्बा, चन्द्रगढी गाविस र दमक नगरपालिकामा संचालन गरेको छ । यस अन्तर्गत संचालन भएका कार्यक्रमहरु निम्न लिखित छन् ।

**तालिमः** ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम अन्तर्गत झापा जिल्लाका ८ जनाले ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता, २ जनाले हाउस वाइङ्गिग, १ जनाले मोटर साइकल मर्मत र १ जनाले ग्रामीण कृषि कार्यकर्ता गरि जम्मा १२ जनाले व्यावसायिक र २४ जनाले तरकारी उत्पादन, ९ जनाले कुखुरा पालन, ९ जनाले वंगुर पालन र ४ जनाले वास विकास तथा व्यवस्थापन गरि जम्मा ४६ जनाले कृषि लघु उद्यम विकास तालिम प्राप्त गरेका छन् ।

**विद्यालय तथा अन्य सामुदायिक भौतिक सहयोगः** यस कार्यक्रम अन्तर्गत नयाँ भवन निर्माण १३, पुनर्निर्माण ९ गरी जम्मा २२ विद्यालय तथा अन्य सामुदायिक भवनहरु निर्माणमा सहयोग प्राप्त गरेका छन् । जसबाट ८,२२० घर परिवारका ४६,३५८ जना (७५५४ विध्यार्थी सहित) लाभान्वित भएका छन् । जसमा कुल अनुमानित लागत रु ३०,९६,३५५.४० मध्ये संस्थाको लागत रु १२,५७,६५८.२० छ भने बाँकी रकम उपभोक्ता तथा अन्य निकायले व्यहोरेका छन् ।

**फर्निचर सहयोगः** यस अन्तर्गत ७ विद्यालय तथा ५ अन्य सामुदायिक संस्था गरि



फर्निचर निर्माण सहयोग, सामुदायिक भवन

जम्मा १२ संस्थाले कुल रकम रु ५,०१,२०१.७५ मध्ये रु ३,५३,७६७.२४ बराबरको सहयोग प्राप्त गरेका छन् । जसबाट ३१९२ घर परिवारका १७,६५८ जना (५८४५ विध्यार्थी सहित) लाभान्वित भएका छन् ।

**सिचाईः** यस अन्तर्गत दमक ५ मा मावाखोला ढुंगे पैनी निर्माण, दमक ३ मा दिपेनी पैनी कल्भर्ट निर्माण, कोरोबारी गाविसमा ग्वालमुनी पैनी निर्माण, जूरोपानी गाविसमा बैरातीबाँध निर्माण, बैगुनधुरा गाविसमा माथिल्लो सुखादीबाँध निर्माण र लखनपुर गाविसमा दुई थान पम्पसेट जडान

गरि कुल ८२७ बिघा जग्गामा सिचाई भई ११६९ घर परिवारका ६४८२ जना जनसंख्या लाभान्वित भएका छन् । जसमा कुल अनुमानित लागत रु ७२,०७,३३५.३६ मध्ये संस्थाको लागत रु ३,९४,८०३.४४ छ भने बाँकी रकम उपभोक्ता तथा अन्य निकायले व्यहोरेका छन् ।

**ग्रामीण कृषी सडकः** यस अन्तर्गत महारानीझोडा, सतासीधाम, महाभारा गाविस तथा दमक न.पा.-१५ का ग्रामीण क्षेत्रका कृषि उपज बजार सम्म ल्याउने उद्देश्यले ७ कि.मी. ग्राभेल सडक तथा २.३ कि.मी. अर्दन (खनेको बाटो) सडक गरि जम्मा ७ कि.मी. सडक निर्माण भएको छ । जसबाट ८३९ घर परिवारका ४७२० जना जनसंख्या लाभान्वित भएका छन् । जसमा कुल अनुमानित लागत रु २०,४३,००६.०० मध्ये संस्थाको लागत रु ४,४५,४४०.०० छ भने बाँकी रकम उपभोक्ता तथा अन्य निकायले व्यहोरेका छन् ।

**कल्भर्टः** यस अन्तर्गत दमक, घैलाडुब्बा, कोहवरा, लखनपुर, सतासीधाम र तोपगाछीका अति विकट स्थानहरुमा ६ वटा कल्भर्ट निर्माण तथा मर्मत सम्भार गरि ७०६८ घरधुरीका ३८,८४७ जना लाभान्वित भएका छन् । उक्त योजनाहरुको कुल अनुमानित लागत रु २३,८१,५८३.३५ मध्ये संस्थाको लागत रु ५,२२,४१७.३० छ भने नपुग बाँकी रकम उपभोक्ता तथा अन्य निकायले व्यहोरेका छन् ।



*भलायो डाँडा कल्भट, तोपगाछी, आरआरएन, झापा*

**खानेपानीः** खानेपानी अन्तर्गत देबीधारा खानेपानी योजना, दमक-५, कन्चन खानेपानी तथा सरसफाइ योजना, बुधवारे-७ गरि २ खानेपानी योजना संचालन गरिएका छन् भने ४० वटा हाते कल समेत वितरण गरि कुल अनुमानित लागत रु ८,३०,७०८.७० मध्ये रु ४,६७,५६७.९४ बराबरको सहयोगमा ३१९ घरधुरीका २०८५ जनाले स्वच्छ खानेपानी सेवा पाएका छन् ।

यस प्रकार ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम, झापा जिल्ला अन्तर्गत हालसम्म ५५ वटा योजना संचालन गरि जम्मा २०, ८८० घर धुरीका १,१६,०७१ जनसंख्यालाई फाईदा पुगेको छ भने यी योजनाहरुको लागि कुल अनुमानित लागत रु ९५,७३,६९०.५५ मध्ये संस्थाबाट रु. ३४,४२,६६४.१२ बराबरको सहयोग र बाँकी रकम जिविस, गाविस र उपभोक्ताबाट व्यहोरेको छ ।

## दाङ जिल्ला

**बाढी प्रभावित क्षेत्रहरुमा वृक्षारोपण तथा नर्सरी व्यवस्थापन तालिमः** आरआरएन र कारितास अष्ट्रियाको साझेदारीमा यूरोपेली समुदायको करदाताहरुको ऐक्यबद्धताद्वारा संचालित “नेपालमा दैविप्रकोपबाट पीडित समुदायहरुको निम्ति पूर्वतयारी तथा राहत कार्यक्रम” अन्तर्गत दाङ्ग जिल्लाको विभिन्न स्थानमा वृक्षारोपण तथा नर्सरी व्यवस्थापन तालिम सम्पन्न भएको छन् ।

संस्थाद्वारा हालै गोवर्डिया गाविस वार्ड नं. १ र ५, गंगापरस्पुर गाविस वार्ड नं. ७ र ९, कालाकांटे, कोठरी, लोखरपुर, धर्मापुर,

बोधिपुर तथा तकियापुरमा गरि जम्मा ६ वटा बाढी प्रभावित क्षेत्रहरुमा वृक्षारोपण गरिएको छ। ती क्षेत्रहरुमा २ हजार २ सय ५० बाँस, २ हजार वेत, २ हजार फलफूलका बिरुवा र १६ हजार विभिन्न प्रजातिका बिरुवाहरु गरि जम्मा २२,२५० बिरुवाहरु रोपिएको छ। उक्त कार्यक्रमको लागि जिल्ला भू-संरक्षण कार्यालय, तुल्सीपुरले १६,००० बिरुवाहरु उपलब्ध गराई सहयोग पुऱ्याएको छ ।

यसैगरी माथि उल्लेखित गाविस र वार्डहरुमा जम्मा ६ नर्सरी व्यवस्थापन तालिम सम्पन्न भएको छ । तालिममा जिल्ला भू-संरक्षण कार्यालयका रेन्जर श्री शेषदत्त चौधरीले प्रशिक्षण दिनु भएको थियो। विभिन्न सामुदायिक वनहरुको समन्वयमा तालिम संचालन गरिएको थियो।

**डालेघाँस/भुईघाँस प्रसारण तथा उत्पादन तालिमः** आरआरएन, दाङ्गले अति विपन्न परिवारका १६ जना पुरुष र ३ जना महिला गरी १९ जनालाई डालेघाँस/भुंईघाँस उत्पादन तथा प्रसारण सम्बन्धी ७ दिने तालिम प्रदान गरेको छ । उक्त तालिमको मुख्य उद्देश्य डालेघाँस/भुईघाँसको उत्पादन प्रसारण गरि जनसमुदायसम्म यस्को महत्व पुऱ्याउनु र पशुपालनमा वृद्धि गरि उपेक्षित वर्गको आर्थिक स्थितिमा सुधार ल्याउने रहेको छ ।

**दैबि प्रकोप पूर्वतयारी सम्बन्धी चेतनामूलक तालिमः** आरआरएन, दाङ्गद्वारा संचालित नेपालमा दैबि प्रकोपबाट पीडित समुदायहरुको निम्ति पूर्वतयारी तथा राहत कार्यक्रम अन्तर्गत हालै दाङ्ग जिल्लामा दैबिप्रकोप पूर्वतयारी सम्बन्धी चेतनामूलक तालिम सम्पन्न भयो । दुई चरणमा संचालन गरिएको उक्त तालिममा गोवर्डिया तथा गंगापरस्पुर गाविसमा रहेका ७ वटा दैबि प्रकोप व्यवस्थापन समितिका ३२/३२ जना गरी जम्मा ६४ जना सहभागीहरु थिए । असार १० गते देखि १९ गते सम्म ५/५ दिनको गरी दुई चरणमा सम्पन्न भएको तालिममा १५ महिला र पुरुष ४९ जना गरी जम्मा ६४ जनाको सहभागिता रहेको उक्त तालिममा दैबि प्रकोप घटना घट्नुको कारणहरु र यसबाट बच्ने उपायहरुको बारेमा समुदायहरुलाई जानकारी गराउनुका साथै दैबि प्रकोप घटना घटिसकेपछि आउन सक्ने संभावित माहामारीहरुको बारेमा जानकारी गराउने उद्देश्यले उक्त तालिम संचालन गरिएको थियो। तालिममा जिल्ला भूसंरक्षण कार्यालयका रेञ्जर शेषदत्त चौधरी, मानव कल्याण तथा वातावरण संरक्षण केन्द्रका दुर्गेस योगी, भोला अधिकारी तथा आरआरएनका जिल्ला संयोजक बसन्त लक्ष्मी उदास, इन्जिनियर शिशल अधिकारी, ओभरसियर लोक बहादुर खड्का र सामुदायिक विकास सहायक विकास चौधरीले सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो ।

## सुर्खेत जिल्ला

**द्वन्द पीडित बालबालिकालाई छात्रवृत्तिः** आरआरएन, असहाय बालबालिकाको लागि जीवन र जीविका कार्यक्रम, सुर्खेतले ०६१ जेठ २० गतेका दिन एक समारोहमा राहत स्वरुप जिल्लाका १२९ द्वन्दबाट पीडित बालबालिकालाई छात्रवृति वापत लत्ता कपडा कापी, कलम, झोला तथा किताब वितरण गरियो । गत दुई वर्ष देखि लागू गरिएको सो कार्यक्रमबाट जिल्लाका द्वन्द प्रभावित बालबालिकाहरु लाभान्वित भएका छन् । जिल्ला प्रशासन कार्यालयका प्रशासकिय अधिकृत श्री शेखर अधिकारीका प्रमुख आतिथ्यमा संचालन भएको सो कार्यक्रममा

गतिविधि

संस्थाका क्षेत्र संयोजक श्री लिल बहादुर कार्कीले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको आवश्यकता, उद्देश्य र उपलब्धिहरुको चर्चा गर्नुभएको थियो । सो कार्यक्रममा जिल्ला शिक्षा अधिकारी श्री नन्दराम पन्त, स्थानीय विकास अधिकारी श्री शंकर प्रसाद पौडेल र अभिभावक श्री मनकेशर कोइराला लगायतका व्यक्तिहरुले पनि मन्तव्य व्यक्त गर्दै कार्यक्रमको प्रशंसा गर्नुभएको थियो । सो कार्यक्रमका सभापति तथा संस्थाका जिल्ला संयोजक श्री रुपलाल ऐडिले जिल्लामा संस्थाद्वारा संचालित



छात्रबृति कार्यक्रममा आफ्ना बाबु गुमाएकी एक बालिका छात्रबृति प्राप्त गर्दै, आरआरएन, सुर्खेत

कार्यक्रम बारे जानकारी गराउनु भएको थियो ।

**फोटोग्राफी तालिमः** आरआरएनले संचालन गरेको असहाय बालबालिकाको लागि जीवन र जीविका कार्यक्रम, सुर्खेतको आर्थिक सहयोग र स्टारफोटो एण्ड मिडियोग्राफी ट्रेनिङ सेन्टरको प्राविधिक सहयोगमा गत २०६१ वैशाख ३१ गते देखि द्वन्द पीडित किशोर तथा किशोरीहरुको १ महिने फोटोग्राफी तालिम सम्पन्न भयो । तालिम समापनमा सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्दै संस्थाका जिल्ला संयोजक श्री रुपलाल ऐडिले सहभागीहरुले लिईएको सीपको सदुपयोग गर्न आग्रह गर्नु भयो । स्वरोजगारमूलक पेसा शुरु गर्ने सहभागीहरुलाई आगामी दिनमा संस्थाको तर्फबाट आवश्यक सहयोग गरिने कुरा संस्थाका क्षेत्र संयोजक श्री लिल बहादुर कार्कीले जानकारी गराउनु भएको थियो । सो तालिममा उत्तरगंगा वार्ड नं. १ बाट सजना पोखेल, वार्ड नं. ९ बाट प्रमिला गिरी, पोखरीकाभ्डा ४ बाट गणेश भण्डारी, बावियाचौर ३ बाट अमृता थापा काफलकोट ३ बाट मोहन प्रसाद उपाध्याय, अवलचिङ ५ बाट मोहन राना, छिन्च ७ बाट खगेन्द्र राना, रामघाट ९ बाट टिकाराम शर्मा र वीरेन्द्र नगरपालिका १ बाट शुरवीर बुमीले भाग लिएका थिए ।

**फेब्रिक पेन्टिङ तालिमः** आरआरएन, असहाय बालबालिकाको लागि जीवन र जीविका कार्यक्रम, सुर्खेतको आर्थिक सहयोगमा जिल्लाका द्वन्द पीडित किशोरीहरुको लागि संचालन गरिएको १ महिने फेब्रिक पेन्टिङ तालिम सम्पन्न भयो । उक्त तालिममा वीरेन्द्रनगर पालिका वार्ड नं. ६ बाट गंगा कुमारी श्रेष्ठ, वार्ड नं. ११ बाट यानु ढे, वार्ड नं. १२ बाट जुनु ढे, जर्बूटा ९ बाट दिया पुन र चनसरी छन्ठेल, छिन्चू २ बाट अस्मिता परियार, छिन्चू ५ बाट चम्पा नेपाली, र जर्बूट १ बाट कल्पना ढे ले भाग लिएका थिए । तालिम समापनको अवसरमा सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्दै संस्थाका क्षेत्र संयोजक श्री लिल बहादुर कार्कीले सहभागीहरुले लिईएको तालिमको सदुपयोग गर्न जोड दिनु पर्ने बताउनु भयो । उक्त तालिमको प्रशिक्षण श्री गौमती वाठाले दिनु भएको थियो ।

# सम्पादकीय

# स्वस्थ जीवनको लागि सुधारिएको चूलो

हाम्रो गाउँघरमा प्रयोग गरिने चूलोहरुमा धुंवा कोठा बाहिर जाने राम्रो व्यवस्था गरिएको हुंदैन । त्यसैले यी चूलोहरुबाट निस्केको धूवाँ भान्सा कोठा भित्रै खेल्ने हुंदा परिवारका सदस्यहरु, जो भान्सामा बढी काम गर्छन्, उनीहरुमा दमखोकी जस्ता स्वास्थ्य सम्बन्धी समस्याहरु धेरै आइरहेको छ । धूवाँले गर्दा महिला तथा बालबालिकाहरुको स्वास्थ्यमा यो समस्या बढी देखा परिहेको छ । किनभने खाना पकाउने काम परम्परागत रुपमा महिलाहरुले नै गरिआएको र यो उनीहरुको नै जिम्मेवारी हो भन्ने प्रचलनले गर्दा चूलोको काममा प्रायः महिलाहरु नै व्यस्त हुनुपर्छ ।

केही वर्ष यता गाउँघरमा सुधारिएको चूलो बनाउन थालिएको छ । सुधारिएको चूलो उन्नत तरिकाले निर्माण गरिने र यसमा धूंवा जाने सोली सहित माथि एउटा प्वाल बनाइएको हुन्छ । जसले गर्दा धूंवा बाहिर जाने र दाउरा पनि कम लाग्छ । सुधारिएको चूलोले परिवारको स्वास्थ्यमा सुधार ल्याउने, दाउरा कम खर्च हुने, दमखोकी जस्ता धूँवाबाट लाग्ने रोगबाट मुक्ति दिनुका साथै वातावरण जोगाउन महत्वपूर्ण भूमिका खेल्दछ । यो एउटा साधारण प्रविधि नै भए पनि यसको प्रयोगबाट आर्थिक(सामाजिक स्तरमा परिवर्तन भएको महसुस गर्न सकिन्छ । जस्तो दाउराको प्रयोगमा कमी आउने, वातावरण संरक्षणले जैविक विविधताको समेत संरक्षण हुन्छ जसले गर्दा भू-क्षय जस्ता समस्याबाट जोगिन सकिन्छ । यो स्थानीय स्रोतबाटै न्यूनतम खर्चमा बनाउन सकिन्छ । हाम्रो देशको केही भागमा सुधारिएको चूलोको प्रयोग हुन थाले पनि धेरैजसो भागमा यसको प्रयोग हुन सकेको छैन । हाम्रो देशमा अहिले भू-बनावट अनुसारको प्राविधिक शिक्षाको खाँचो छ ।

आजभोली विभिन्न संघ संस्थाहरुले धूँवाबाट बच्नको लागि सुधारिएको चुलोको प्रचार-प्रसार गरी गाउँघरमा जडान गर्दै आएका छन् । महिलाहरु स्वंय पनि यससंग सम्बन्धित आवश्यक सीप हासिल गरी सुधारिएको चूलो जडान गर्न धेरै ठाउँमा सक्षम भइसकेका छन् । यस्तै गरी नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), कास्कीले संचालन गरेको एकीकृत स्वास्थ्य र जैविक विविधता श्रोत व्यस्थापन कार्यक्रम अन्तर्गत धूँवारहित चूलो निर्माण तालिम समूहका सदस्यहरुलाई प्रदान गरेको छ । यस तालिम पश्चात गाँउघरहरुमा धेरै जसोले सुधारिएको चूलो बनाएका छन् । यो चूलोको प्रयोगले उनीहरु दाउराको दुःख, खाना ढिलो पाक्ने, धूँवा भएर कोठा कालो हुने, आँखा पोल्ने, खोकी लाग्ने, हाछ्युं आउने जस्ता समस्याबाट मुक्त भएको मसशुस गर्छन् । केही मेहनती महिलाहरुले घर-घर गएर चूलो बनाइ दिने र आफूले खर्च गरेको परिश्रमको पैसा लिइ उनीहरुको आम्दानीको श्रोत पनि बनेको छ ।

यसै सन्दर्भमा आरआरएनबाट नियमित रुपमा प्रकाशन हुँदै आएको पुनर्निर्माणमा स्वस्थ जीवनको लागि सुधारिएको चूलो सहित विभिन्न विषयहरुका लेखहरु, अवस्था अध्ययनहरु साथै संस्थाबाट संचालित विभिन्न कार्यक्रमहरुको गतिविधि सम्बन्धी जानकारी पाठक समक्ष पुर्‍याउने जमर्को गरेका छौं ।

सधै झै पाठकहरुको सुझावको आशा गर्दछौं ।

धन्यवाद